ISSN 2091-1629

मूल्य रु. ४५/-

गौरी मासिक

GAURI MASIK

वर्ष २०, अङ्क ७, २०८५ चैत, पूर्णाङ्क २२७

निरन्तर २२७ औं अङ्क

रामजानकी मन्दिर

कागेश्वरी मनोहरा नगरपालिका, काठमाडौं



मन्दिर भित्रको मूर्ति

"बेवारिसे सडक मानवका लागि महायज्ञ २०८१"
सादर निमन्त्रणा
मानव कल्याण समाज
Human Welfare Society
सडक तथा सार्वजनिक स्थानहरुमा अलपत्र, बेवारिसे अवस्थामा रहनुभएका सडक मानवहरुलाई खाना, नाना र छानाको दीगो व्यवस्थापन र प्रभावकारी सेवाका लागि जग्गा व्यवस्थापन तथा भवन निर्माण गर्ने प्रयोजनार्थ आयोजित
श्रीमद्भागवत सप्ताह ज्ञान-विज्ञान
महायज्ञ
मानव कल्याण समाजको प्रस्तावित भवन
२०८१ चैत्र २१ गतेदेखि २७ गतेसम्म
मध्यपुर थिमि-५, राधेराधे, भक्तपुर
कथा वाचकः देवी श्री सुमी मानवज्यू
(संस्थापक अध्यक्ष, मानव कल्याण समाज)
कार्यक्रमहरू:
शोभाकलश यात्रा: चैत्र २१ गते
११:०० बजे महायज्ञ स्थल
पूर्वाङ्ग: चैत्र २१ गते, बिहान
समुद्‌घाटन: चैत्र २१ गते दिनको १२:३० बजे
लक्ष्यवर्तिका प्रज्वलन: चैत्र २७ गते साँझ
कार्यक्रम समापन: चैत्र २७ गते
दैनिक कार्यक्रमहरू:
बिहान ५ बजेदेखि ७ बजेसम्म योगाभ्यास
बिहान ७ बजेदेखि पुजा एवं पाठपारायण
११ बजेदेखि ४ बजेसम्म कथावाचन
४:१५ बजे आरती
४:३० बजे प्रसाद वितरण
साँझ ६ बजेदेखि ९ बजेसम्म श्रृङ्गारिक महाआरती सहित सन्ध्याकालिन भजन
आयोजक
मानव कल्याण समाज
(९८५१२७४८३२/९८५१२७४८३४)
श्रीमद्भागवत सप्ताह ज्ञान-विज्ञान महायज्ञ
मूल आयोजक समिति (९८५१०२६१३४)

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोहै आना ढुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस

अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।

एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-

ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।

यस पत्रिकामा प्रकाशित लेख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय
भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं
फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७
इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरू कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष २०, अङ्क ७, २०८१ पूर्णाङ्क २२७

चैत २०८१

शुक्रबार	१	८	१५	२२	२९
शनिवार	२	९	१६	२३	३०
आइतवार	३	१०	१७	२४	गौरी
सोमबार	४	११	१८	२५	गौरी
मङ्गलबार	५	१२	१९	२६	गौरी
बुधबार	६	१३	२०	२७	गौरी
बिहिबार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।

कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति
सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७ ९८५१०५३६०१

संक्षिप्त महाभारत

अघिल्लो अंकबाट क्रमशः

महर्षि वेदव्यासको जन्म

यता ऋषिको आशीर्वादले गर्दा सत्यवती पहिलेकै अवस्थामा अर्थात् कुमारीकै रूपमा रहिन् । वास्तवमा ती बालक व्यास थिए । तिनै महर्षि पराशरका कीर्तिमान् छोरा भगवान् व्यासले वेदलाई विषय अनुसार ऋक्, यजु, साम र अथर्व गरी चार भाग लगाइदिएको हुनाले उनलाई वेदव्यास पनि भन्ने गरिन्छ ।

एकपटक महर्षि वेदव्यास ध्यानमा बसेका बेला उहाँको दिमागमा यो महाभारतको अतुलनीय कथा स्फुरण भएको थियो । यो गौरवमय कथा कसरी दुनियाँमा पुर्‍याउने भनी सोच्दासोच्दै व्यासले अचानक ब्रह्माजीलाई सम्झन पुग्नुभयो । त्यसपछि व्यासले ध्यानबाटै ब्रह्माजीको आवाहन गर्नुभयो । अनि ब्रह्माजी त्यहीं प्रकट हुनुभयो । ब्रह्माजीले सोध्नुभयो "बाबु भन, तिमीले मलाई किन ध्यान गर्‍यौ ?"

व्यासजीले ब्रह्मालाई सादर प्रणाम गर्दै हे भगवान् ! मानव मात्रका लागि उपयोगी हुने कथा लेख्ने इच्छा मलाई जागेर आयो । यो बृहत् कथा आफैले रचना गरेर आफैले लेख्न सम्भव नहुने हुँदा यसलाई मिलाएर लेखिदिने को होला ?" भनेर जिज्ञासा राख्नुभयो ।

वेदव्यासको यो उत्कण्ठा सुनेर ब्रह्माजीले भन्नुभयो– "तिमीले ज्यादै उचित कुरा सुनायौ । मानव जातिको भलो हुने काम सोचेका रहेछौ । मलाई औधी खुसी लाग्यो । हेर वावु, तिमी गणेशजीको आराधना गर, यो कामलाई निर्विघ्नरूपमा सम्पन्न गर्ने क्षमता केवल गणेशजीमा मात्र छ ।" यति भनेर ब्रह्माजी त्यहाँबाट अन्तर्ध्यान हुनुभयो ।

अनि ब्रह्माजीको सल्लाहलाई शिरोपर गरेर व्यासजीले गणेशको आराधना गर्नुभयो । गणेशजी खुसी भएर व्यासका सामु प्रादुर्भाव हुनुभएपछि व्यासजीले ज्यादै हर्षित हुँदै आफ्नो इच्छा जाहेर गर्नुभयो ।

सबै कुरा सुनेपछि गणेशजीले वेदव्यासको अनुरोध स्वीकार गरी एउटा सर्त राख्दै भन्नुभयो "हे व्यास, अब तिमी महाभारतको रचना गर्दै जाऊ म क्रमशः लेख्दै जानेछु । तर कथा भन्दा विचमा अडिन पाइने छैन । तिमीले अडिनु पर्‍यो र मैले लेख्ने काम रोक्नु पर्‍यो भने म तत्काल लेख्न छोडिदिनेछु र लेख्ने काम त्योभन्दा अगाडि बढ्ने छैन ।"

गणेशजीको सर्त स्वीकार गरेर व्यासले पनि एउटा प्रस्ताव राख्दै गणेशजीलाई भन्नुभयो– "हे गणेशजी, हजुरको शर्त मलाई स्वीकार्य छ । तपाईंले पनि मैले रचना गरेको ग्रन्थको विषयवस्तु बुझेर मात्र लेख्नुहुन अनुरोध छ ।" व्यासको यस्तो कुरा सुनेर भगवान् गणेशजीले मुसुक्क हाँसेर "हुन्छ" भनिदिनुभयो ।

व्यासजीले अत्यन्त गहन र मार्मिक रचना गर्दै जानुभयो गणेशजीले पनि तिनको तात्पर्य र अर्थ बुझ्दै लेख्दै जानुभयो । यसरी लगभग १ लाख श्लोक भएको महाभारतको विशाल ग्रन्थ तयार भयो । आफूले भने र सोचेजस्तै भएपछि व्यासले गणेशलाई दण्डवत् गरी भगवान्को पाउमा परी आँखाबाट खुसीका आँसु खसाल्नुभयो । भावविभोर भएका व्यासलाई भगवान् गणेशले सम्झाउँदै भन्नुभयो– "मानव जातिको कल्याणका लागि तिमीले चाहेको काम पूरा भएको छ, यसलाई सर्वत्र फैलाउने काम पनि तिम्रै काँधमा आएको छ । अब त्यतातिर लाग्नू ।" गणेशजी यति भनेर आफ्नो धाममा जानुभयो ।

प्रथमतः व्यासजीले आफ्ना छोरा शुकदेवलाई महाभारत कथा कण्ठ गराउनुभयो । पछि गएर महाभारतको सार मर्मलाई नारदजीले उपयुक्त समयमा देवताहरूमा प्रचार प्रसार गर्नुभयो । यता शुकदेवजीले गन्धर्व, राक्षस, यक्षहरूलाई सुनाउनुभयो । श्री शुकदेवजीका प्रमुख शिष्य वैशम्पायन हुनुहुन्थ्यो । उहाँले मानव जातिलाई सुनाउनुभयो ।

महाराज परीक्षितका छोरा जनमेजयले ठूलो नाग यज्ञ गर्नुभयो । त्यो यज्ञमा जनमेजयले महर्षि वैशम्पायनलाई महाभारतको कथा सुनाउन अनुरोध गर्नुभयो र उहाँले विस्तारपूर्वक महाभारतको कथा सुनाउनुभयो । त्यस यज्ञमा सूतजी पनि हुनुहुन्थ्यो । त्यो कथा सुनेर उहाँ धेरै प्रभावित हुनुभयो र त्यो महाकाव्य सम्पूर्ण मनुष्य जातिलाई सुनाउने हेतुले श्री शुकदेवजीले नैमिषारण्य नाम गरेको स्थानमा ८८ हजार ऋषिहरूको उपस्थितिमा एउटा ठूलो सभाको आयोजना गर्नुभयो । क्रमशः

प्रस्तुतिः केदारनाथ खनाल,
भीमसेनथापा– ३ तान्द्राङ, गोरखा

सम्पादकीय

उपत्यकाको प्रथम जात्रा

चैत्र कृष्णपक्ष अष्टमी तिथिका दिन श्रीपशुपतिनाथमा निमन्त्रणा पूजा (ढुःढुः च्याँ च्याँ)पश्चात् आरम्भ भई चैत्र शुक्लपक्ष द्वितीयाको राति समापन हुने पशुपति क्षेत्रको जात्रालाई मुलतः वछलेश्वरी (वत्सलेश्वरी) जात्राको नामले चिनिन्छ । यो जात्रा कान्तिपुरका राजा भुपालेन्द्र मल्लका पालाबाट शुरु गरिएको भाषा वंशावलीमा उल्लेख छ । वछलेश्वरी जात्रा भनिए पनि यस अवधिमा देशोद्धार पूजा, कुम्हमचा (कन्यापूजा), पाँहाचह्रे पूजा, ढुनिया पूजा, जयवागेश्वरीमा तलेजु भवानीको पूजा, वत्सलेश्वरी मन्दिरमा अन्नप्राशन सहितको पूजा गरिएपछि मात्र वत्सलेश्वरी, वज्रेश्वरी, आकाश भैरव, नक्शाल भगवती आदि देवदेवीको रथयात्रा गरिने चलन छ ।

वत्सलेश्वरीलाई उपत्यकाकै सबैभन्दा जेठी मानिने हुँदा उहाँको जात्रा शुभारम्भ गरेपछि मात्र उपत्यकाका अन्य देवीहरूको जात्रा गर्ने प्रचलन छ । चन्द्रमास अनुसार चैत्र शुक्लपक्षबाट वर्षारम्भ हुने भएकोले यस जात्रा उपत्यकाकै सबैभन्दा पहिलो जात्रा भन्नुमा कुनै अत्योक्ति हुन्न । हरेक वर्ष देवपत्तन क्षेत्रमा भव्यतापूर्वक सम्पन्न हुने यो जात्राको जति प्रचारप्रसार हुनुपर्ने हो निकै कम भएको पाइन्छ ।

पशुपति क्षेत्रमा मनाइने यस जात्राले उपत्यकावासी बीच सामाजिक सद्भाव कायम गराउन महत्वपूर्ण भूमिका खेलेको छ । जात्राको निमन्त्रणा दिन भगवान् श्रीपशुपतिनाथको विग्रहलाई खटमा राखी पशुपतिनाथका एक जना अर्चक सहित उपत्यकाको भित्री शहर घुमाउने परम्परा अध्यावधि छँदैछ । यसले श्रीपशुपतिनाथप्रति त्यस भेगका वासिन्दाको आस्था अक्षुण्ण राख्न योगदान दिँदै आएको पाइन्छ । यसैगरी हरेक वर्ष रथयात्रा कै कारण विभिन्न गुठियार र टोलसुधार समिति र समुदायहरू बीच निरन्तर सम्वन्ध स्थापित भइनै रहेको छ । पशुपति क्षेत्रमा परम्परादेखि चल्दै आएको अमूर्त सम्पदाको रूपमा परिचित यस जात्रालाई दीर्घकालसम्म निरन्तरता दिनु पशुपति क्षेत्र विकास कोष, स्थानीय सरकार, केन्द्रीय सरकारका साथै सरोकारवाला सबैको दायित्व हो । अस्तु,

यसभित्र

अविच्छिन्न

श्रीमद्भागवत महापुराण २

सम्पादकीय ३

कविता

टोपी लगाऔं — अनन्तकुमार बस्नेत ४

गीताज्ञान

कर्मयोग — आचार्य खेमराज 'केशवशरण' ५

समसामयिक

सत्यका प्रवर्तक.. — सहप्रा. डा. विनुबाबा अर्याल ७

आध्यात्मिक वार्ता

समाधि तत्त्व — श्रीमहेन्द्रनाथ गुप्त श्री'म' ११

तुलना

राम र कृष्णमा को ठूलो ? १३

अन्तरवार्ता

वाग्मती सफाई..... — किशोरसिंह शाही १८

नैतिकता

क्षमाशीलता.... — शारदारमण नेपाल २१

नैतिकता

ऐतिहासिक श्रीपशुपति... — भागवतश्री न्यौपाने २३

दस्तावेज

धर्मः स्वभाव.... — डा. चिन्तामणि नाथ योगी २७

वि.सं. २०८१ सालको वछलेश्वरी जात्रा ३३

गतिविधि ३५

आवरण परिचय

राम जानकी मन्दिर:

कागेश्वरी मनोहरा नगरपालिका वडा नं. १ अन्तरगत गागलफेदी, सुवेदीगाउँमा निर्मित श्रीरामजानकी मन्दिर चावहिल साखुँ रोड अन्तरगत ब्रह्मखेल चोकबाट करिव ५०० मिटर उत्तर पश्चिममा अवस्थित छ । वि.सं. २०७२ साल पुस १ गते विवाह पञ्चमीको दिन प्राणप्रतिष्ठा सहित समुद्घाटन गरिएको यस मन्दिर उपत्यकाकै सबैभन्दा ठूलो राम-जानकी मन्दिर हो । यो मन्दिरसँगै भगवान् शिवको मन्दिर पनि निर्माण गरिएको छ । वरपरका भूभागभन्दा उच्च स्थानमा निर्माण गरिएको यो मन्दिर भक्तजनहरूका साथै पर्यटकहरूका निम्ति पनि आकर्षणको केन्द्र बन्दैगएको छ ।❖

टोपी लगाऔँ

– अनन्तकुमार बस्नेत

टोपी हो शिरको अमूल्य गहना यो राष्ट्रको शान हो
यो हाम्रो शिरपोस हो मुकुट हो संस्कार हो मान हो ।
यो टोपी पहिचान हो मुलुकको सद्भाव हो प्यार हो
हाम्रो राष्ट्रिय एकता र गरिमा टोपी अलङ्कार हो ।१।

टोपी उच्च हिमाल हो शिखर हो यो राष्ट्रको माथ हो
यो हाम्रो शिरको अमूल्य मणि हो श्रीपेच हो ताज हो ।
टोपी मस्तकको महा कवच हो आदर्श सम्मान हो
नेपालीपन झल्किने गजबको सौन्दर्यको स्थान हो ।२।

टोपी इज्जत हो बढाउँछ सधैँ एकत्वको भावना
टोपी गौरव हो दिलाउँछ नयाँ उद्भावना चाहना ।
टोपी खोज्दछ चुम्न उच्च चुचुरो झुक्दैन यो पाउमा
टोपीको छ पवित्रता महकता शैलेन्द्र मैदानमा ।३।

टोपीमा छ हिमालको छविछटा हो राष्ट्रको सम्पदा
टोपीमा छ सदा अखण्ड ममता संवेद्य एकात्मता ।
टोपी थप्छ अपूर्व कान्ति जनको देखिन्छ उच्चा शिर
हाम्रो माथ उँचो बनाउछ भने टोपी न हो आखिर ।

टोपी भिन्न विभिन्न छन् भुवनमा छुट्टै छ नेपालको
हेर्दा चट्ट सुहाउँदो छ शिरमा आभा छ सैपालको ।
पुर्खाको उपहार संस्कृति तथा भाषा बचाऔँ अब
गर्दै गौरव बोध नित्य शिरमा टोपी लगाऔँ सब ॥५॥❖

–सानोठिमी, भक्तपुर

गीता तृतीय अध्याय

कर्मयोग



-आचार्य खेमराज केशवशरण

कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः ।
लोकसंग्रहमेवापि सम्पश्यन्कर्तुमर्हसि । २०।

अन्वयः कर्मणा एव हि जनाकादयः संसिद्धिम् अस्थिता । लोक संग्रहम् एव अपि संपश्यत् कर्तुमर्हसि ।

सरलार्थः बितेका युगहरूमा राजर्षि जनक आदि महापुरूषहरूले निष्काम कर्मयोगद्वारा नै परम सिद्धि गरेका थिए । त्यसैले लोक संग्रहलाई नै दृष्टिगत गरेर पनि तिमीले कर्म गर्नु पर्दछ ।

भावविशारदाः यहाँ भगवान्ले कर्मणैव भन्नुभएको भए पनि यो स्थूल कर्मको बारेमा भनिएको होइन । कर्मयोगकै बारेमा भनिएको हो । किनभने परमसिद्धिमा पुऱ्याइदिने शक्ति कोरा कर्ममा हुँदैन । कर्मयोगमा मात्र त्यो सामर्थ्य हुन्छ । परन्तु गीताको थालनी कर्मत्यागले गर्दा नै भएको हो । अर्जुनले स्वरूपतः स्थूल कर्मकै त्याग गर्न चाहेका थिए । आफ्नो स्वधर्मरूप क्षत्रियोचित कर्म त्यागेर भिक्षावृत्तितिर लाग्ने कुरा गरेका थिए । त्यसैले उनका मनमा उठेका कर्मत्यागको त्यस व्यामोहपूर्ण स्थितिको अन्त्य गर्नु वाञ्छनीय भएकोले भगवान्ले यहाँ 'कर्मणैव' भन्नुभएको छ । वास्तवमा उहाँले निष्काम कर्मयोग भन्ने नै आशय यहाँ व्यक्त गर्नुभएको छ । किनभने प्रवृत्तिमार्गमै रहेका राजर्षि जनक जस्ता आदर्श महापुरूषहरूले परमसिद्धि प्राप्त गरेको कोरा कर्मद्वारा होइन । अनासक्त मनले गरिने निष्काम कर्मयोगद्वारा नै हो ।

कोरा कर्मले त प्राणीलाई उत्तरोत्तर बन्धनमा पारिदिने काम मात्र गर्दछ र स्थूल कर्मद्वारा कोही पनि यहाँ मुक्त हुन सक्दैन । मुक्तात्मा नबनी परमात्मप्राप्तिरूप परमसिद्धि प्राप्त गर्न संभव हुँदैन । संसारका सामान्य भौतिक पदार्थहरूको प्राप्ति त कर्मद्वारा नै पनि संभव हुन्छ परन्तु सच्चिदानन्दमय भगवान्लाई प्राप्त गर्नु कोरा कर्मले संभव हुन्न । निष्कामताद्वारा फलासक्तिको त्यागद्वारा, समर्पण भावद्वारा कतृत्वभोक्तृत्वभावबाट मुक्त मनःस्थितिमा विकसित कर्मयोगले मात्र साधकलाई परमात्मासम्म पुऱ्याइदिन सक्दछ ।

यस श्लोकको उत्तरार्धमा लोकसंग्रहलाई दृष्टिगत गरेर पनि तिमीले कर्म गर्नै पर्दछ भनिएको छ । ज्ञानीले सिद्ध पुरूषले कर्म गर्नुपर्दैन भन्ने कतै कतै लोकमा यथाकदा सुनिने भ्रमपूर्ण धारणाको निराकरणका लागि भगवान्ले भन्नुभएको हो । जो लोकमा प्रतिष्ठित बनिसकेका छन् त्यस्ताले आफूभन्दा पछिकाहरूलाई गलत प्रेरणा नमिलोस् भनेर पनि कर्मत्यागको गलत प्रवृत्ति फैलिन नसकोस् भनेर पनि तिमीले कर्म गर्नु पर्दछ भन्ने कुरा यहाँ भगवान्ले संझाउनु भएको छ ।

यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः ।
स यत्प्रमाणं कुरुते लोकस्तदनुवर्तते ।२१।

अन्वयः यत् यत् श्रेष्ठः आचरति तत् तत् एव इतर जनः (आचरति) सः यत्प्रमाणं करुते लोकः तत् अनुवर्तते ।

सरलार्थः श्रेष्ठ पुरूषहरू जस्तो जस्तो आचरण गर्दछन् अरू मानिसहरू पनि त्यस्तै गर्ने गर्दछन् । प्रतिष्ठित ठूला व्यक्तिहरूले जस्तो प्रमाण प्रस्तुत गरेका हुन्छन्, सर्वसाधारणले त्यसैको अनुसरण गर्दछन् ।

भावविशारदाः लोकमा जो जति उच्च प्रतिष्ठित र प्रसिद्ध बनेको हुन्छ, त्यसले व्यवहार गर्दा त्यति नै सावधान भएर गर्नुपर्ने हुन्छ । किनभने श्रेष्ठ, समुन्नत व्यक्तिहरूप्रति पूरा समाजको आस्था र विश्वास अडेको हुन्छ । त्यस्ताले गरेका कर्मको, बोलेको वचनको र व्यक्त गरेका भावहरूको ठूलो प्रभाव जनजीवनमा पर्दछ । त्यसैले लोक संग्रहलाई साधकले ध्यानमा राख्नै पर्दछ । लोकसंग्रह शब्दभित्र दुईटा भाव छिपेका छन्- लोकलाई आफूतिर आकर्षित गर्नु र साथ साथ तिनलाई संस्कारित पनि गर्नु ।

भगवान्‌ले यहाँ अर्जुनका मनको व्यामोहलाई भगाउन र उनमा दिव्य उत्साह भर्न उनलाई श्रेष्ठ पुरूषका आचरण, बोली, व्यवहार र भावनाको दृष्टान्त दिएर समाजप्रति जिम्मेदार, सावधान र सजग व्यक्तिका रूपमा आफूलाई अनुभव गर्न आह्वान गर्नुभएको छ । आफ्नो अतुल पराक्रमद्वारा नामैले शत्रुपक्षलाई कमाउन सक्ने गाण्डीवधारी जगद्‌विख्यात अर्जुनजस्ता प्रतिष्ठित व्यक्तित्वको जीवनबाट हुने व्यवहार, बोली र आचरणले लोकजीवनमा पार्न सक्ने प्रेरणाप्रति भगवान्‌ले यहाँ ध्यानाकर्षण गर्नुभएको छ ।

सामान्य जनसाधारणका लागि लोकसंग्रह र लोकसंस्कारको चिन्ता त्यति आवश्यक नहोला तर तिमीजस्ता उठेका व्यक्तिबाट कुनै महत्त्वपूर्ण गलत काम भयो भने त्यो सम्पूर्ण लोकजीवनको लागि गलत प्रेरणा दिने हुन सक्छ । पारिवारिक जीवनमा मुखियाको भूमिका निर्वाह गर्ने व्यक्तिदेखि लिएर लोकजीवनको जुनसुकै क्षेत्रमा नेतृत्व दिन अगि सर्ने व्यक्तिले लोकसंग्रहलाई दृष्टिगत गरेरै अगि बढ्नु पर्ने हुन्छ ।

अब भगवान् आफैं दृष्टान्त अगि सार्दै लोकसंग्रह र लोकसंस्कारलाई नै मुख्य रूपले दृष्टिगत गरेर आफू क्रियाशील रहने गरेको कुरा आउने २ श्लोकहरूमा सम्झाउँदै हुनुहुन्छ ।

न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किञ्चन ।
नानवाप्तमवाप्तव्यं वर्त एव च कर्मणि ।२२।

अन्वयः पार्थः त्रिषु लोकेषु मे किम्वन् कर्तव्यं न, अनवाप्तम्, न अवाप्तव्यं च न कर्मणि वर्त एव ।

सरलार्थः हे पार्थ तीनै लोकमा मेरा लागि न गर्नु पर्ने कुनै काम छ न त प्राप्त गर्नुपर्ने कुरा छ तै पनि म निरन्तर लोकसंग्रहका लागि कर्म गरिनै रहन्छु ।

भावविशारदाः सर्वज्ञ, सर्वशक्तिमान्, सर्वेश्वर परात्पर परब्रह्म परमात्मा प्रभुको लागि तीनै लोकमा गर्नुपर्ने केही छैन । सामान्य मानवको जीवन एउटै लोकभित्र सीमित रहेर बित्दछ । उसको कर्तव्य पनि एउटै लोकमा सीमित हुन्छ । परन्तु सर्वेश्वर सर्वजगन्नियन्त भगवान् श्रीकृष्णको कार्यक्षेत्र त स्वर्ग, मर्त्य, पाताल तीनै लोकमा फैलिएको हुन्छ किन कि उहाँ तीनै लोकका स्वामी 'त्रैलोक्यनाथ' हुनुहुन्छ । तर भगवान् भन्नुहुन्छ, मेरा लागि गर्नुपर्ने भन्ने कुरा तीनै लोकमा केही छैन । मैले प्राप्त गर्नु पर्ने तर प्राप्त गर्न नसकेको कुरा पनि तीनै लोकमा केही छैन । र पनि म कर्ममा त लागिरहेकै हुन्छु । किन लोकसंग्रहको भावनाले मलाई कर्ममा प्रवृत्त हुन प्रेरित गरिरहन्छ । क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनभएको हो । उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा निरन्तर प्रकाशित गर्दै आइरहेका छौं ।)

चैत महिनाका पर्व तथा विदा

१ गते मीन सङ्‌क्रान्ति/फागु पूर्णिमा (तराइ होली)
२ गते तेल लगाउने र आँपको मुजुरा खाने दिन/गणगौर पूजा प्रारम्भ
४ गते सामाजिक कार्य दिवस
५ गते मंगलचौथी व्रत
८ गते विश्व कविता दिवस
९ गते गोरखकाली पूजा/शीतलाष्टमी व्रत
१२ गते पापमोचिनी एकादशी व्रत
१४ गते प्रदोष व्रत
१६ गते घोडे जात्रा (उपत्यका बिदा)
१७ गते तेल लगाउने र नीमको पात खाने दिन
१८ गते मत्स्य जयन्ती व्रत/मत्स्यनारायण मेला/विश्व अटिजम जागरूकता दिवस
१९ गते गौरी व्रत
२३ गते चैते दशैं/गोरखकाली पूजा
२४ गते रामनवमी व्रत/विश्व स्वास्थ्य दिवस
२६ गते कामदा एकादशी व्रत
२८ गते महावीर जयन्ती/प्रदोष व्रत
३० गते हनुमान जयन्ती/बैशाख स्नान प्रारम्भ/पूर्णिमा व्रत/बालाजु बाइस धारा मेला

सत्यका प्रवर्तक : श्रीराम

– सहप्रा. डा. विनुबाबा अर्याल

चैत्र शुक्ल नवमी तिथि 'राम जयन्ती' पर्वका रूपमा प्रसिद्ध छ । श्रुतीहरू जुन परमतत्त्वलाई ब्रह्मशब्दले सम्बोधन गर्छन्, त्यही ब्रह्मतत्त्वलाई रामायण राम शब्दले पुकार्दछ । वेदद्वारा गान गरिने अर्थात्, महिमा गाइने 'राम' यसै दिन मध्यान्हमा त्रेतायुगमा सूर्यवंशमा जन्मनु भएको थियो । रामो विग्रहवान् धर्मः भनेर रामायणमा रामलाई साक्षात् धर्मको स्वरूपका रूपमा उल्लेख गरिएको छ ।

राम परब्रह्म परमात्मा हुन् । सगुणलिलाको कारणले गर्दा राम दशरथका छोरा हुन् । श्रीरामपूर्वतापनीयोपनिषद्मा बताइएको छ कि, भगवान् विष्णुले जब रघुवंशीय महाराज दशरथकहाँ जन्म लिए तब उनको नाम राम भयो । सन्तहरूको रक्षा गर्ने, आसुरी शक्तिको विनाश गर्नेलाई नै 'राम' भनिन्छ ।

रमन्ते सर्वभूतेषु स्थावरेषु चरेषु च ।
अन्तरात्म स्वरूपेण यच्च रामेति कथ्यते ॥

जो सबै जीवहरूमा चलअचल या अन्तर्यामी रूपमा व्याप्त छन्, उनैलाई वैदिक सनातन धर्ममा राम भनिन्छ ।

भगवान् विष्णुका दश अवतार मध्ये भगवान् राम अवतार सातौं अवतारको रूपमा मानिन्छ । यो अवतार विष्णुले त्रेतायुगमा लिएका हुन् । 'रा' अक्षर अग्निरूप हो, जसले दुष्कर्मको दाह गर्दछ । 'म' शब्द जलरूप हो जसले चित्त शुद्धि हुन्छ । अतः रामको स्मरणबाट मन निर्मल हुन्छ ।

रम धातुको अर्थ रमण, निवास, विहार भन्ने बुझिन्छ । जो प्राणी मात्रको हृदयमा रमण अर्थात् निवास गर्नुहुन्छ रमन्ते योगिनो यस्मिन् स रामः भनेर योगीजनहरू जस्मा रमाउँछन्, मुग्ध बन्छन् । तिनलाई परब्रह्मरूप राम भनेर व्याख्या गरिएको छ । (श्रीरामपूर्वतापनीयोपनिषद्) राम नामको महत्त्व यति महत्त्वपूर्ण छ कि यसलाई तारकमन्त्र भनिन्छ । भगवान् शिव र भवानी सहित नित्यप्रति काशीमा बसेर मर्न लागेका मानिसहरूको उद्धारका लागि उनीहरूको दायाँ कानमा 'राम-राम' यो तारकमन्त्र सुनाउनुहुन्छ भन्ने कुरा अध्यात्मरामायणमा प्रस्तुत गरिएको छ ।

ब्रह्म सत्य हो । सँधै रहन्छ, छ र सँधै रहनेछ पनि । त्यो ज्ञानमय, चैतन्य र आनन्दस्वरूप हो । उसको आफ्नो शरीर छैन तर पनि विनाशक शरीरमा प्रवेश गरेर संसारको लीला गर्छ ।

धर्मको रक्षा गर्नका निम्ति भगवान् जब साकाररूप लिएर आउँछन् तिनले मानिस जस्तै व्यवहार गर्छन् तापनि आदर्शको नमुना बनेर घरपरिवार, समाज, राष्ट्र, विश्वलाई उदाहरणीय बनेर अध्याँरो बाटोमा उज्यालोको बाटो देखाउँछन् । जसबाट मानिसलाई अनुशासित जीवन प्राप्त भई शान्ति र आनन्दको अनुभव प्राप्त हुन्छ ।

जबजब हाम्रा मान्यताहरूमा ठेस लाग्दछ र धर्मक्षीणतातिर जान लाग्दछ तब तब भगवत्कृपाले केही दैवी विभूतिहरू जन्म लिइरहन्छन् र उनीहरूले हामीलाई धर्मतिर उन्मुख गर्न प्रशंसनीय कार्य गरेका छन् । भगवान् श्रीकृष्णले आफैं आफ्नो श्रीमुखबाट नै प्रतिज्ञा गर्नुभएको थियो कि–

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥ गीता ४/७

राम र कृष्ण युगौंदेखि हिन्दु संस्कृति अनुयायी आर्यजनहरूले आफ्ना पूर्वजहरूका परम्परामा आराध्य र पुज्य मानिदै आएका युगान्तकारी महान् व्यक्तित्व हुन् । महर्षि वाल्मीकिले रामलाई आफ्नो काव्य रामायणका नायक चरित्रका रुपमा प्रस्तुत गरेका छन् । व्यासका कृष्ण चाहि उनको काव्य महाभारतका नायक रहेका छन् र

उनी युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव जस्ता दैवी गुणयुक्त चरित्रहरूका निर्देशक र संरक्षकका रूपमा देखा पर्छन् ।

महाभारतमा कृष्णले कुरूक्षेत्रको युद्धमा आइपुग्दासम्ममा भौतिकरूपमा शस्त्राशस्त्रलाई छोडेर कुटनैतिक आध्यात्मिक, दार्शनिक हतियारलाई आफ्नो अधर्मसँगको युद्धको साधन बनाएका छन्, तापनि उनले आफ्ना पूर्ववर्ती आदर्श युगनायक रामको परम्परामा आफूलाई उभ्याउँदै रामः शस्त्रमृतामहम् (भगवद्गीता) अर्थात् शस्त्रधारीहरूमा म राम हुँ भन्दै आफूले रामका आदर्शलाई पछ्याएको अभिव्यक्ति दिएका छन् ।

श्रीरामका शौर्य, वीरता र नीति परायणता उनका विशेष प्रवृत्तिहरू हुन् । उनी क्षमाशील सत्यव्रतमा दृढ र सुखदुःखमा समान रही आफ्नो कार्य सम्पादन कुशलतापूर्वक गर्ने धीर स्वभावका चरित्रनायक हुन् ।

रामले कायम गरेको पारिवारिक, सामाजिक एवम् शासकीय मर्यादा र अनुशासनले गर्दा रामको व्यक्तित्व आर्यावर्तमा धार्मिक एवम् नैतिक आदर्श कायम गरी राजाको रूपमा स्थापित बन्न पुगेको पाइन्छ ।

रामायण र महाभारत दुबै आर्ष काव्यको उद्देश्य अधर्म र अन्यायको अन्त्य र दुष्टहरूको विनाशद्वारा परिवार र समाजमा सत्य, न्याय र शान्ति स्थापना गर्नु हो । यद्यपि वाल्मीकिले उपर्युक्त कार्यका लागि आफ्ना काव्यका नायक रामलाई ईश्वरीय अवतारका रूपमा प्रस्तुत गर्ने कार्यलाई भन्दा रामको उच्चआदर्शयुक्त मानवीय चरित्रलाई नै बढी प्रकाशित गरेका छन् । पिता दशरथको एउटै आज्ञामा वनबास स्वीकार गर्दै दरबारी सुखभोग छोडेर त्यागको मार्ग अनुशरण गरी मुनिभेषमा वनमा बस्न सहज रूपमा तयार हुनुले रामको आर्ष चरित्र प्रकट हुन्छ भने रावणसँग युद्धमा क्षत्रियोचित वीरता देखाई जीवनको उत्तरार्धमा आदर्श रामराज्यको स्थापनाले एक आदर्श क्षत्रियको रूपमा उनी देखापर्छन् ।

वर्तमान समयका नेताहरूले प्रजावत्सल रामको चरित्रबाट शिक्षा लिनु नितान्त आवश्यक छ । रामचरित्रको सर्वाधिक विशेषता र आदर्श नै जनताको सेवा हो । लोकतन्त्रको लागि अर्थात् जनताको प्रशन्नता तथा कल्याणका लागि, सुखसमृद्धिको लागि राम आफ्नो कर्तव्य, दया, प्रेम, स्नेह तथा समस्त सुखलाई मात्र होइन आफ्नी पत्नी सीतालाई समेत छोड्न पछि परेनन् । यो हो एउटा कल्याणकारी राजाको कल्याणकारी दायित्व । उनी कल्याणकारी राजाको रूपमा रहेतापनि जनताको सेवकको रूपमा आफूलाई राखेर कर्महरू गरेको उदाहरणले रामको

राज्यमा सर्वत्र शान्ति थियो, जनता सुखी थिए। अतः आज राजनीति गर्नेहरूले रामायणको अध्ययन गर्नुपर्दछ। रामको चरित्रबाट शासकले आफूलाई गलत बाटोमा नलगी नमोडी राजधर्मको पालना गर्नुपर्दछ भन्ने सिक्न आवश्यक छ। विद्वान्हरूको परामर्श अनुसार राज्य सञ्चालन गर्नुका साथै जनताको सुख नै आफ्नो धर्म मान्नुपर्दछ।

मानिसको जीवनमा सत्य, धर्म, न्याय, विवेक, कर्तव्यनिष्ठ, अनुशासन जस्ता मानवीय गुणहरूको विशिष्ट महत्त्व रहन्छ। संसारबाट मानवीय गुण लोप हुन नदिन धेरै विवेकशील महापुरूषहरूले आजसम्म नैतिकताको पाठ सिकाई रहेका छन् र सिकाएर जान्छन्। मानवधर्मको सच्चा उद्देश्य रामायणको अध्ययनबाट प्रष्टिन्छ।

रामको कथा एक व्यक्तिको कथा होइन। यो समस्त ब्रह्माण्डको कथा हो। उनी सबैमा सबैको निम्ति, सब समयमा, सब ठाउँमा छन्। यो कथामा बितेका समयको प्रसङ्ग मात्र छैन अन्तहीन वर्तमान र भविष्यको प्रसङ्ग छ। यहाँ सत्यको वास छ, सत्यको जरा गडेको छ।

महर्षि वाल्मीकिले रामायणमा सत्यको महत्त्वलाई यसप्रकारले बताउनुभएको छ–

सत्यमेकं पदं ब्रह्म सत्ये धर्मः प्रतिष्ठितः।
सत्यमेवाक्षयाः वेदाः सत्येनावाप्यते परम्॥

(वाल्मीकि रामायण अयोध्या १४/७)

वास्तवमा प्रणव, वेद अथवा सत्यबाट चित्तशुद्धि हुन्छ। चित्त शुद्धि भएपछि सत्य ब्रह्म परमपदको प्राप्ति सरल हुन्छ। लोकव्यवहारमा पनि अर्थ र कामको भन्दा धर्मको महत्त्व बढी मानिएको छ। अर्थ र कामको प्रभाव त छँदैछ तर धर्म जीवलोकमा सम्पूर्ण श्रेयहरूको सबभन्दा बढी महत्त्वपूर्ण छ। धर्मको विषयमा स्वयं भगवान् मर्यादा पुरूषोत्तम श्रीरामले भन्नुभएको छ–

धर्मार्थकामाः खलु तात लोके,
समीक्षिता धर्मफलोदयेषु।
ते तत्र सर्वे स्युरसंशयं मे,
भार्येव वश्याऽभिमता सुपुत्रा॥
यस्मिंस्तु सर्वे स्युरसंनिविष्टाः,
धर्मो यतः स्यात् तदुपक्रमेव।
द्वेष्यो भवत्यर्थ परो हि लोके,
कामात्मता खल्वपि न प्रशस्ता॥

(वाल्मीकि रामायण, अयोध्या काण्ड, २१-५७/५८)

श्रीरामचन्द्र वनमा गएपछि भरत अयोध्याका प्रमुख व्यक्तिहरूलाई लिएर उनलाई पुनः अयोध्यामा ल्याउन चित्रकुट गएका थिए। त्यसबेला श्रीरामलाई अयोध्या फर्काउने अभिप्रायले ऋषि जावालिले प्रत्यक्षं यत्तदातिष्ठ परोक्षं पृष्ठतः कुरु भन्नुभएको थियो। केवल प्रत्यक्षलाई मात्र सत्य मान्ने र परोक्ष, अनुमान शब्द आदि प्रमाणलाई सत्य नमान्ने ऋषि जावालीको यो दृष्टिकोण थियो। उनले रामलाई अयोध्याको राज्यको भौतिक भोग गर्न उत्प्रेरित गर्ने आशयले रामसँग नास्तिक वृहस्पतिमनको वकालत गर्दा रामले दण्डनीय मानेको प्रसङ्ग पनि रामायणमा उल्लेखनीय छ।

वेदशास्त्र र स्मृतिद्वारा निर्धारित कुलाचारलाई नै सत्यवादी पराक्रमी श्रीरामले धर्म मान्नुभयो। जसको परिणाम सुख हुन्छ र त्यस्तो पितृपूजित पथ सत्यलाई श्रीरामले राज्य र जीवनको मुख्य आधार मानेका थिए। राजाहरूले विशेषतः सत्यको पालना गर्नुपर्दछ। किनकि राजाको जस्तो आचरण हुन्छ त्यस्तै आचरण प्रजाको पनि हुन जान्छ। संसारमा सत्य नै सम्पूर्ण रूपमा सर्वसमर्थ धर्मको आश्रय हो। जगत्को सर्वस्व सत्यमा आश्रित छ। सत्यभन्दा भिन्न कुनै पनि अर्को परमपद छैन।

त्यसैले भगवान् श्रीरामले सत्यको जुन शाश्वत महिमाको उद्घोष गर्नुभएको छ, त्यसैलाई आधार मानी व्यवहार गरेमा जगत्को कल्याण सम्भव छ भन्ने सन्देश पाइन्छ। यो व्यवहारिक मार्गप्रदर्शक आचार्य हो। यो श्रेयोमार्ग प्रदर्शक ज्योति हो। सदाचारको मार्ग प्रदर्शन गर्ने धर्मशास्त्र पनि यही हो।

नीतिशास्त्र र अध्यात्मशास्त्रलाई आफ्नो उद्देश्य लिएको रामायणले भगवद् अवतार केवल ईश्वरीय किंवा चकत्कारिक लीला देखाउन तथा दुष्ट दमनका लागि मात्र नभई मानिसलाई आदर्श जीवन जिउन सिकाउन समेत भएको बताएको छ। सत्य, धर्म र न्यायको पक्षमा कर्म गर्न प्रेरणादायी शिक्षा दिने उद्देश्य बोकेर विश्वको जनमानस अगाडि आएको रामायण महाकाव्य नै एउटा विशिष्ट गुण गरिमाले पूर्णमहाकाव्य हो।

त्रेतायुगमा मर्यादा पुरूषोत्तम भगवान् श्रीरामले

तत्कालिन समयमा विशेष शक्तिशाली भएर रहेका लङ्काका राजा रावणलाई मार्न शक्तिको आराधना गरेको कुरा प्रसिद्ध छ । हिन्दु धर्मावलम्बीहरूले राक्षसी प्रवृत्ति माथि गरेको विजयको खुशीयालीमा यो दशैं परापूर्वक कालदेखि मनाइँदै आएको छ । भगवान् रामचन्द्रले अन्याय, अत्याचार र अधर्मको प्रतीक रावण माथि विजय प्राप्त गरेको दिनको सम्झनामा दशैंमा टिका लगाउने प्रथाको प्रारम्भ भएको कुरा हाम्रा धार्मिक पौराणिक ग्रन्थहरूबाट अवगत हुन्छ ।

वास्तवमा विजय सबैको अभीष्ट विषय भएको छ । आर्यवर्तको व्यापक क्षेत्रमा लङ्का विजय केवल अयोध्यावासी श्री रामचन्द्रको मात्र विजय नभएर मानव मात्रको या समस्त आर्यावर्तकै जनताको विजयको प्रतीक हो । यही मर्म अनुसार दशैं मनाउने परम्परा रहँदैआएको हुनाले अधिकांश हिन्दु समाज आफ्नो आफ्नो स्थितिमा यस पर्वदिनलाई विजयादशमीको रूपमा पनि मनाउँछन् ।

हामीले हाम्रा चाडपर्वहरूलाई केवल धार्मिक दृष्टिकोण, रमाइलो कारणले मात्र नमनाई ती चाडपर्वहरूमा सन्निहित भएका ऐतिहासिक तथा व्यवहारिक कुराहरूलाई बुझेर नै मनाउनु बुद्धिमानी हुन्छ । आध्यात्मिक ज्ञानले शाश्वत गुण, मूल्य र आर्जित मूल्यको विषयमा स्पष्ट जानकारी प्रदान गरी मानिसलाई निर्णायक मनस्थिति प्रदान गर्दछ । ज्ञानले मानिसको मनभित्रको अज्ञान र अन्धकारलाई समाप्त गरी सत्यतथ्यको बोध गराइदिन्छ । मानव रचनाको उषाकालदेखि ज्ञानले उसको चेतनालाई परिष्कृत गर्दै वृत्ति, प्रवृत्तिलाई संयमित बनाउन प्रयत्न गरिरहेको छ । यसका लागि समयप्रतिसमय उदित भएका महान् विभूतिहरूले समाजलाई प्रशस्त मार्ग दर्शन तथा प्रेरणा प्रदान गर्ने साधन, सन्देश र उपादेयता दिने दस्तावेजहरू छोडेर गएका छन् । तर दुर्भाग्य के छ भने, तिनीहरूका सकारात्मक पक्षलाई समाजले जीवनरुपी धरातलमा प्रयोग गर्न सकेको देखिँदैन ।

आध्यात्मिक ज्ञानले प्रतिपादन गरेको सिद्धान्तहरू केवल रितिरिवाज, आडम्बर र देखावटी मान्यताका रूपमा मात्रै सीमित हुन पुगेका छन् । केवल परम्परा जोगाउने हिसाबले मात्र मनाइने गरिन्छ । अझ कतिपय कुराहरूले त विकृतरूप समेत प्राप्त गरेका छन् । सोको मुल उद्देश्यमा परिवर्तन नगरी समय सान्दर्भिक बनाउनु पर्दछ ।

शोधखोज अनुसन्धान र प्राप्ती कहिल्यै पनि नटुङ्गिने एउटा अटुट श्रृङ्खला हो । यो सृष्टिचक्रमा चलिरहने निरन्तरताको एउटा विन्दु हो जहाँ पुगेर हामीले आफ्नो अध्यात्म (आदि आत्मा, पुर्खा)को परिचय पाउँछौं । एउटा वादविवादको टुङ्गो लाग्दछ । एउटा तत्त्वको बोध हुन्छ । त्यसले सर्वस्वीकृत मान्यता पाउँछ । चरैवेति चरैवेति को उर्ध्वगामी गत्यात्मक अनुभूति दिलाउने ऋचाहरूको अर्थ र उद्देश्य पनि यहि हो । जसले हामीलाई त्यहाँ पुग्ने हौसला दिन्छ । रामायणले बुझाउन खोजेको र रामको जीवन दर्शनलाई स्पष्ट पार्दछ । हिन्दु संस्कृतिको परिशिलन गर्दा पाइने कुराहरू मध्ये यो पनि एउटा महत्त्वपूर्ण विषय हो ।❖

सन्दर्भ सामग्री

१) वाल्मीकिय रामायण

२) हिन्दु संस्कृतिको परिशीलन– मदनमणि दीक्षित

३) श्रीरामचरितमानस

४) हाम्रा धार्मिक चाडपर्व– चेतोनाथ शर्मा आचार्य

५) हाम्रो चाडपर्व– पुण्यरत्न वज्राचार्य

६) आर्यसंस्कृतिको आधार ग्रन्थ– बलदेव उपाध्याय

–बत्तीसपुतली, काठमाडौं

श्रीरामकृष्णवचनसुधा

नेपालीमा !

श्रीरामकृष्ण परमहंसको दैनिकीमा आधारित आध्यात्मिक ज्ञानको बहुउपयोगी पुस्तक `श्रीरामकृष्णवचनामृत'को नेपाली संस्करण



श्रीरामकृष्ण वचनसुधा प्रकाशन भएको छ । पुस्तक प्राप्तिको निम्ति सम्पर्क गर्नुहोला–

श्रीरामकृष्ण आश्रम, नेपाल

ज्ञानेश्वर काठमाडौं,

मो. ९८६२५१९६५७२

बडाबजारमा श्रीरामकृष्ण

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

समाधि तत्व

आज श्रीरामकृष्ण १२ नम्बर मल्लिक स्ट्रिट, बडाबजार जानेवाला हुनुहुन्छ । मारवाडी भक्तहरूले अन्नकूट उत्सवका लागि श्रीरामकृष्णलाई निम्ता दिएका छन् । अमावस्याको कालीपूजा सकिएको दुई दिन भएको छ । आज सोमबार, २० अक्टोबर १८८४, कात्तिक शुक्ला द्वितीया । बडाबजारमा अझै पनि दीपावली उत्सव आनन्द चलिरहेकै छ ।

दिनमा लगभग तीन बजे मास्टर सानो गोपालसँग बडाबजार आइपुगे । श्रीरामकृष्णले छोटा धोती किनेर ल्याउने आज्ञा दिनुभएको थियो । मास्टरले किनेर कागतमा बेही हातमा लिएका छन् । मल्लिक स्ट्रिटमा पुगेर दुवैले देखे, मानिसहरूको बडो भिड छ, बग्गी गोरूगाडाले बाटो पाइनसक्नु छ । १२ नम्बर स्ट्रिटमा पुग्दा तिनीहरूले देखे, श्रीरामकृष्ण बग्गीमा बस्नुभएको छ, बग्गी अगाडि बढ्नै सक्दैन, गाडीहरूको यतिविधि भिड छ । बग्गीभित्र बाबुराम र राम चटर्जीपाध्याय थिए । गोपाल र मास्टरलाई देखेर श्रीरामकृष्ण मुस्कुराउनुहुन्छ ।

श्रीरामकृष्ण गाडीबाट उत्रिनुभयो । सँगसँगै बाबुराम छन् । मास्टर बाटो देखाउँदै अघि-अघि गइर हेछन् । मारवाडी भक्तकहाँ पुगेर उनीहरूले देखे, तल आँगनमा गाँठका गाँठ कपडाहरू छन्, एकातिरबाट पठाउन बेल गाडीहरूमा लादिरहेका छन् । श्रीरामकृष्ण भक्तहरूसँग माथि जान लाग्नुभएको छ, यस्तैमा मारवडी भक्तहरू लिन आएर उहाँलाई तीन तलामाथिको एउटा कोठामा बसाए । त्यस कोठामा कालीको एउटा तस्बिर थियो । श्रीरामकृष्णले तस्बिरमा शिर निहुराउनुभयो ।

श्रीरामकृष्ण आसनमा बसेर हाँस्दै भक्तहरूसँग बातचित गर्न लाग्नुभयो । एकजना मारवाडी आएर श्रीरामकृष्णको पाउ दबाउन लागे । श्रीरामकृष्णले पहिले त मान्नुभएन पछि केही सोचेर मधुर बोलीमा 'हुन्छ, बिस्तारै दबाऊ' भन्नुभयो । उहाँले मास्टरसँगग सोध्नुभयो, "अँ, स्कुलको के हाल छ ?" मास्टर, "हजुर, आज छुट्टी छ ।"

श्रीरामकृष्ण (हाँसेर)– भोलि अधरकहाँ चण्डीको सङ्गगीतमय गाना हुन्छ । मारवाडी भक्तले एकजना पण्डिजीलाई श्रीरामकृष्णकहाँ कुराकानीका लागि पठाए, पण्डितजीले आएर श्रीरामकृष्णलाई प्रणाम गरी आशनग्रहण गरे । उनीसँग अनेक प्रकारका ईश्वरीय वार्ता भइरहेछ । अवतार सम्बन्धमा कुराकानी चल्न लाग्यो ।

श्रीरामकृष्ण– अवतार भक्तहरूका लागि हो, ज्ञानीहरूका लागि होइन ।

पण्डितजी– परित्राणाय साधूनां विनाशाय च दुष्कृताम्।
धर्मसंस्थापनार्थाय संभावामी युगे युगे॥

अवतार पहिले त भक्तहरूको आनन्दका लागि हुन्छ, अर्को दुष्टहरूको दमनका लागि परन्तु ज्ञानी कामना शून्य हुन्छ ।

श्रीरामकृष्ण (साहास्य)– "तर मेरा सबै कामनाहरू त गएका

छैनन् । भक्तिको कामना रहिरहेकै छ ।"

यसैबखत पण्डितजीका छोराले आएर श्रीरामकृष्णको चरण-वन्दना गरे र आसनमा बसे ।

श्रीरामकृष्ण (पण्डितजीसँग)- अँ, भाव के हो ? भक्ति के हो ?

पण्डितजी- ईश्वर-चिन्तन गर्दा-गर्दा जब मनोवृत्तिहरू कोमल बन्छन्, तब त्यस अवस्थालाई भाव भन्छन्, जस्तै सूर्य उदाएपछि बरफ गल्दै जान्छ ।

श्रीरामकृष्ण- अँ प्रेम कसलाई भन्छन् ?

पण्डितजी हिन्दीमा नै कुराकानी गरिरहेका छन् । श्रीरामकृष्ण उनीसँग बडो मीठो हिन्दीमा कुराकानी गर्नुहुन्छ । पण्डितजी प्रेमको बारेमा अर्कै ढङ्गले बुझाउन थाले । श्रीरामकृष्ण (पण्डितजीसँग)- होइन, प्रेमको यो अर्थ होइन । प्रेम यो हो, ईश्वरप्रति यस्तो प्यार हुन्छ कि संसारको अस्तित्वको होस त रहँदैन नै, साथै आफ्नो यो देहको जो यति प्यारो वस्तु छ, पनि याद हुन्न । प्रेम चैतन्यदेवलाई भएको थियो ।

पण्डितजी- हो हजुर, एउटा मतवालाको नशा जस्तो हुन्छ ।

श्रीरामकृष्ण- अँ, कसैलाई भक्ति हुन्छ । कसैलाई हुन्न, यसको के अर्थ हुन्छ ?

पण्डितजी- ईश्वरमा वैषम्यता हुन्न । उहाँ कल्पतरू हुनुहुन्छ । जो जे चाहन्छ, उसले त्यही पाउँछ, परन्तु कल्पतरूको नजिकै त जानैपर्छ ।

पण्डितजी यी सबै कुरा हिन्दीमा भनिरहेछन् । श्रीरामकृष्ण मास्टरतर्फ हेरेर अर्थ बताउनुहुन्छ ।

श्रीरामकृष्ण- अँ, समाधिहरू कुन-कुन तरहका छन्, भन्नुहोस् ।

पण्डितजी- समाधि दुई तरहका छन् । सविकल्प र निर्विकल्प । निर्विकल्प समाधिमा विकल्प हुन्न अर्थात् मनको क्रिया बिलकुलै रोकिन्छ ।

श्रीरामकृष्ण- हो, मनको त्यही रूप हुन्छ, तदाकाराकारित, ध्याता र ध्येयको भेद रहँदैन । अनि चेतन समाधि र जड समाधि पनि छ । नारद, शुकदेव यिनीहरूको चेतन समाधि हो, होइन त ?

पण्डितजी- हो, हजुर ।

श्रीरामकृष्ण- अनि उन्मना समाधि र स्थिर समाधि, यी पनि हुन्छ, होइन त ?

पण्डितजी चुप लागिरहे, केही बोलेनन् ।

श्रीरामकृष्ण- अँ, जपतप गर्नाले विभूतिहरू पाउन सकिन्छ, जस्तो गङ्गामाथि पैदल हिँडेर जानु ।

पण्डितजी- हजुर, यो सबै हुन्छ, परन्तु भक्त यो केही चाहँदैन ।

अनि अलिकति कुराकानी भएपछि पण्डितजीले भने- एकादशीका दिन दक्षिणेश्वरमा हजुरको दर्शन गर्न आउनेछु ।

श्रीरामकृष्ण- अहा, तपाईंको छोरो त बडो बेस छन् ।

पण्डितजी- महाराज, नदीको एक तरङ्ग जान्छ त अर्को आउँछ । सबै कुरा अनित्य छन् ।

श्रीरामकृष्ण- तपाईंमा सार वस्तु छ ।

केही बेरपछि पण्डितजीले प्रणाम गरे, भने, 'त पूजा गर्न जाऊँ ?'

श्रीरामकृष्ण- के भयो ? एकछिन बस्नुहोस् । पण्डितजी फेरि बसे । कुराकानी अब हठयोगको बारेमा हुन लाग्यो । पण्डितजी हिन्दीमा यसै सम्बन्धमा कुरा गर्न लागे ।

श्रीरामकृष्णले भन्नुभयो, "हो, यो पनि एउटा तपस्या हो तर हठयोगी देहाभिमानी साधु हो । उसको मन सधैँ देहमाथि नै लागिरहेको हुन्छ ।' पण्डितजीले फेरि बिदा हुन चाहे । उनलाई पूजा गर्न जानु छ । श्रीरामकृष्ण पण्डितजीका छोरासँग कुराकानी गर्न लाग्नुभयो ।

श्रीरामकृष्ण- केही न्याय, वेदान्त तथा अन्य दर्शनहरू पढ्यो भने श्रीमद्भागवत खुब राम्ररी बुझ्न सकिन्छ, होइन त ?

पण्डितपुत्र- हो महाराज, साङ्ख्यदर्शन पढ्नु बडो आवश्यक छ । यसै प्रकारका कुराहरू हुन लागे ।

श्रीरामकृष्ण तकियाको आडमा अलिकति पल्टिनुभयो । पण्डितपुत्र एवम् अन्य भक्तहरू जमिनमा बसेका छन् । श्रीरामकृष्ण पल्टिएर नै बिस्तारै-बिस्तारै एउटा भजन गुनगुनाउनुहुन्छ ।

हरिकन लागिरह रे भाइ ।
बनिबनि जाई तिम्रो भाइ ॥
अंका तऱ्यो, बंका तऱ्यो, तरिन् मीराबाई ।
"सुगा पढाइ गणिका तरि, तऱ्यो सुजन कसाई ॥" क्रमशः

अनुवादक- प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी
श्रीरामकृष्णवचनामृतबाट अनुदित

राम र कृष्णमा को ठूलो ?

(भक्तहरूबीचमा कहिलेकाँही तपाईंको भगवान्भन्दा मेरो भगवान् ठूलो भन्ने विवाद चलिरहन्छ । भक्तले आफ्ना इष्टदेवलाई अरूको इष्टदेवभन्दा ठूलो भन्नु त स्वभाविक हो तर कहिले त देवताहरूकै बीचमा म ठूलो भन्ने घमण्ड नै देखापर्दछ । ब्रह्मा र विष्णु बीचको यही विवादको समाधानार्थ भगवान् शिवले शिवलिङ्गको आदि अन्त्य पत्तालगाउन पठाएको प्रसंग पुराणहरूमा वर्णन गरिएको पाइन्छ । यसै प्रसंगमा भक्तहरू बीचमा भगवान् श्रीकृष्ण र रामचन्द्रमध्ये को ठूलो भन्ने विषयमा भएको विवाद र त्यसको निराकरण श्रीवाल्मीकि महामुनिकृत शतकोटी रामचरित्रान्र्तगत श्री आनन्दरामायणमा वर्णन गरिएको छ । यही प्रसंगलाई यहाँ प्रस्तुत गरिएको छ । सं.)

विष्णुदास भन्नुहुन्छ– हे गुरू ! भगवान्का दश अवतारमा राम कृष्णका दुई अवतार सबैभन्दा श्रेष्ठ मानिएका छन् । यो मैले पहिले धेरैचोटी सुनेको छु । अव तपाईले हामीलाई यो भन्नुहोस् कि राम र कृष्णमा कुन ठूलो हुनुहुन्छ ? जसलाई तपाईले श्रेष्ठ भन्नुहन्छ म सदा त्यसको चरित्र सुन्नेछु ।

श्रीरामदास भन्नुहुन्छ– हे विष्णुदास ! तिमीले ठिक प्रश्न गर्‍यौ । तिमी सावधान भएर मन लगाएर सुन । यी दुवै अवतारमा मानिसले रामको अवतार श्रेष्ठ सम्झन्छन् । यसको लागि एउटा मनोहर कथा विवादको रूपमा बताइएको छ । त्यो कथा पुण्यदायक नै छ ।

कुनै बखत अयोध्यामा एकजना राम नामका ब्राह्मण बस्दथे । त्यसैगरी द्वारकामा पनि एकजना कृष्ण नामका ब्राह्मण बसेका थिए । ती दुवै जना राम र कृष्णका उपासक थिए । कुनै बखत माघ महिनामा त्रिवेणीको किनारामा दुवैको भेट भयो । उनीहरूले त्रिवेणीमा स्नान गरेर वेणी माधवको पूजा गरे । कुनै एकजना पौराणिक विद्वान्सँग कथा सुन्ने इच्छाले गएर बसे । दुवैले कथा सुनिरहेका थिए । त्यत्तिकैमा कथामा रामको प्रसंसा आयो । त्यसलाई सुनेर ती रामको नाम भएका ब्राह्मण ज्यादै प्रसन्न भएर पौराणिकको हर्षपूर्वक राम्रोसित पूजा गरे ।

यो देखेर कृष्ण नामका ब्राह्मण साह्रै रिसाएर भन्न लागे– जगत्लाई कष्ट दिने राम कथा सुनेर तिमीलाई के फाइदा भयो ? जसमा तिमी यति धेरै खुशी भएका छौ । व्यासको पूजा गर्‍यौ । मेरो विचारमा त तिमी अति मूर्ख रहेछौ । मलाई तः कसैको पनि चरित्र राम्रो लाग्दैन, जति श्रीकृष्णको लाग्दछ । किनकी त्यस चरित्र विभिन्न प्रकारको लीलाले पूर्ण (भरिएको) छ ।

कृष्ण नामका ब्राह्मणको यस्तो कुरा सुनेर राम उपासक मुसुक्क हाँसे र भन्न लागे कि तिमीले रामचन्द्रलाई कसरी दुःखदायक भन्यौ र कृष्णलाई सुखदायक भन्यौ ? तिमीले कृष्ण चरित्रलाई कसरी पापनाशक भन्यौ र रामको नामलाई किन मन पराउँदैनौ ? तिमीले यसको कारण भन, जसमा यहाँ भएका सभासद सबैले जानून् ।

कृष्ण भक्त भन्दछन्– हे रामभक्त ! तिमीले अन्त्यन्तै उत्तम प्रश्न गर्‍यौ । म रामचन्द्र र कृष्णचन्द्र दुवैको चरित्र भन्दछु, लौ सावधान भएर सुन । त्यसमा रामचरित्र कस्तो क्लेशप्रद र कृष्ण चरित्र कति सुखदायक छ, त्यो सबै सभासद्ले सुन्दै जानुहोस् । तिम्रा रामका पिता दशरथलाई राम जन्मनुभन्दा पहिले श्रवणका बाबुको श्राप परिसकेको थियो । त्यो भन्दा पनि पहिले उनका माता तथा पितालाई अपहरण गरेर लङ्कामा लगिएको थियो । यसैले जन्मनु भन्दा पहिले नै माता पिताले कस्तो क्लेश भोग्नुपर्‍यो । यसको विपरीत हाम्रो कृष्ण जन्मनु भन्दा पहिले कंसले उनका पिता मातालाई विवाह तथा मङ्गलमय सामग्रीले पूजा गरेको थियो ।

राम उपासक भन्दछन्– हे दुर्वुद्धे ! यी रामका पितालाई श्राप होइन बरू वरदान दिएका थिए । जसको प्रसाद स्वरूप अपुत्र महाराज दशरथको रामचन्द्र आदि चार भाइ छोराको जन्म भएको थियो र हाम्रा रामचन्द्रको डरले नै रावणले उनका माता पितालाई हरण गरेर लगेता पनि फेरि फर्काएर अयोध्यामा नै ल्याएर छोडीदियो । जन्मनु भन्दा पहिले नै मेरा रामको यस्तो पौरूष थियो । तिम्रा कृष्णलाई जन्मनुभन्दा पहिले नै कंसले जेलखानामा हालेको थियो । अर्को यदुकुललाई राज्य भोगबाट पहिले नै निषेद भएको थियो । श्राप परेको थियो ।

कृष्णको जन्म पनि जेलमै भएको थियो र केही बेरमा

नै माता पिताबाट वियोग हुनुपर्‍यो । कृष्णका कति धेरै दाजुहरू कंसको हातबाट पहिले नै मारिनु पर्‍यो । उनी जुन वनावटी माता पिताबाट प्राप्त भएका थिए, ती न क्षेत्री थिए न त वैश्य नै थिए । तिम्रा कृष्ण त एउटा ग्वालाको छोरा बन्नु पर्‍यो । यसप्रकार उनी शैशव अवस्थामा नै प्रवासी हुन पुगे । अरूले नै उनको रक्षा गर्नु पर्‍यो र तिम्रा कृष्ण बलरामका भाइ थिए । यसकारण कृष्णलाई अनेकौं दुःखले घेर्‍यो र सुख भनेको मिलेन ।

कृष्णभक्त भन्दछन्- आफ्नो रक्षा गर्नको लागि तिम्रा रामले ताडका नामकी एउटी स्त्रीको बध गर्नुभयो र रामको वियोगमा ती स्त्री मातालाई बडो क्लेश भयो । रामभक्त भन्दछन्- हाम्रा रामले ब्राह्मणहरूको हत्यारा ताडकालाई मार्नु भएको थियो र विश्वामित्रको यज्ञको रक्षाको लागि उनलाई पिताले खुशीसाथ मुनिहरूसँग पठाउनु भएको थियो । तर तिम्रा कृष्णले आफ्नो लागि पूतनालाई मारेका थिए । यसैले उनको आत्मरक्षाका लागि बज्रले अरू धेरै प्राणीहत्या गरेका थिए । उनले गोप र ग्वालाको साथमा रहेर गोपको रक्षा गरिरहेका छन् । उनले गाई (धेनुकासुर) र पंक्षी (वकासुर), बाजी(केशी) राक्षस तथा वृष आदिलाई मारे, चोरी गरे, जुवा खेलेर वनमा यताउता घुमे । शीत, ताप, वर्षा, आपतवाट बच्नको लागि आफ्नो माथि केवल एउटा कम्बलले ढाकेका थिए । भोक प्यासबाट दुःखी भएर ग्वालाको जुठो समेत खाए । आफ्नो लागि ब्राह्मणको स्त्रीसित बारम्बार अन्न माग्न थाले । ईन्द्रध्वज पूजा आदि बारे वृद्धहरूलाई कल्पपरम्परा आदिको चलनलाई लोप पारिदिए ।

कृष्ण परस्त्रीको साथमा घुम्न लागे र आफू भन्दा जेठी स्त्रीहरूसित घुमफिर गर्न लागे । उनले निर्वाङ्ग (नाङ्गा) स्त्रीको तमासा हेर्दथे । उनले माटो खाएका थिए र कति चोटी त मानिसलाई आफ्नो जुठो खुवाएका थिए । डोरीले बाँधिएर यमालजुन रूखलाई ऊखेली दिएका थिए । थोरै मख्खनको लागि झगडा गर्दथे । माता यशोदाबाट बारम्बार पिटाई खाने गर्दथे । अन्त्यमा आफूसित धेरै सम्बन्ध राख्ने गोपिनीहरूप्रति निष्ठुरता देखाई पवित्र वृजधामलाई छोडीदिए । मथुरामा रजकलाई मारीदिए (ग्वाला भएर), क्षत्री समान युद्ध गरे ।

कृष्णले गजहत्या र मल्ल हत्या गरेर माउतेलाई समेत मारिदिए । उनले आफन्तको (मामाको) साथमा निष्ठुरता गरेर राज्य प्राप्त गरे । फेरि एक अर्काको आज्ञालाई रोकिदिए । आखिर एउटी कुरूप दासीको साथमा क्रीडा गरे । युद्ध हार्दा त्यसबाट पराजित भएर शत्रुलाई पिठ फर्काएर भागी पर्वतमा गएर लुके । त्यहाँ पनि धेरै स्त्रीहरूको हरण गराइदिएर फेरि भौमासुरको द्रव्यलाई लुटे । आफ्ना भाइ तथा कुटुम्बलाई मार्नको लागि पाण्डवलाई प्रयोग गरे । मानिसले कृष्णलाई स्यामन्तमणि चोरीको अपवाद लगाए । एउटा वृक्षको लागि उनले देवतासित संग्राम गरे ।

कृष्णभक्त भन्दछन्- किन व्यर्थको वक्वास कुरा गर्दछौ, सुन । म आज तिम्रा कामी-रामका कर्तुत भन्दछु । भन त जसलाई उनले भार्या बनाएका थिए, तिनी वर्ण शंकर कन्या थिइन ! शिवजीको धनु भाँचेर शिवको अपराध गरे । परशुरामको मान भङ्ग पारिदिए । मुद्गलको आज्ञा नपाइकन लक्ष्मणले लता होत्र भाँचेर चुँडेर जङ्गलमा घुमेर पेट भर्नलाई जनावर पशुहरू मारे । धेरै दिनसम्म वनमा आश्रम बनाएर वसी त्यहाँ फलफूल टिपी, पशुमारी खाएर पेट भरे । धनु धारणा गरेर व्याधाको काम गरे । सधैं विचरा आतय तथा मेहकलाई सताई रहे । पैदलै हिंडेर पैतला खियाउँदै लामा नाङ्गा पाउ चाले । जटा वल्कल पालेर लामा लामा दाह्री जुघा पालेर रूखको छायाँमा बसेर दिन बिताए र उनको हातमा एउटा पनि भाँडो थिएन । जसमा राखेर खान पिउन सकून् । वनबासमा उनकी स्त्रीलाई एउटा राक्षसले चोरेर लाग्यो । उनको लागि अनेक प्रकारका बिलौना गर्दै ग्रह र उनको पूजा जप गर्ने सवरीको जुठो खाए ।

रामभक्तले जवाफ दिए- हाम्रा रामले आफ्नो छायाँमयी (सीता) पत्नीलाई राक्षसकी हातबाट छुटाउनु भएको थियो । जसलाई तिमीले दासी भन्दै थियौ, ती दासी होइनन्, तर ती मुनिहरूको सेवामा तत्पर रहने सवरी हुन् । रामको कृपाले उनी जीवनमुक्त भइन् र मोक्ष पाइन् तर तिम्रा कृष्णका पत्नीहरूलाई आजसम्म पनि शत्रुहरूले भोग गरिराखेका छन् । कृष्णका हजारौं स्त्रीलाई अर्जुनको हातबाट दस्युहरूले खोसेर लगे । कृष्ण पुरै स्त्रैण थिए । उनलाई एउटा स्त्रीले दान गरेर दिएकी थिइन् र पछि सत्यभामाले नारदसित फर्काइन । सबै स्त्रीहरू काम पूर्तिको लागि रातभर जाग्राम बस्नु परेको थियो । दुवै

भाइहरूले ती ठुली स्त्रीहरूसित क्रीडा गरेका थिए । जो आमा समानका थिए ।

कृष्णभक्त भन्दछन्- तिम्रा राम पशुहरूको डरले रातभर जाग्राम बस्दथे । सुग्रीवका दाजु बाली मारी उनकी स्त्री भाउजु तारालाई रामले हाँसीखुशी सुग्रीवलाई दिएका थिए । वानरको साथमा उनले मितेरी गरेर दन्दभी नामको राक्षसको शवलाई छोएका थिए । विचरा विना अपराध बालीलाई मारिदिए । वानरले उनलाई सहायता दिए । वानर उनको सवरी बने । विना प्रयोजन सात-ताल वृक्षलाई काटेर ढलाए । सागरमा पुल बनाएर सुवर्णको राम्रो लङ्काका पुरीलाई जलाई दिए ।

रामभक्त भन्दछन्- तिम्रा कृष्णले एउटा दरिद्र ब्राह्मण सुदामासित मित्रता गरे । जसलाई तिमीले वानरको नाम लियौ तर ती वानर होइनन् । ती त वानर शरीर धारणा गरेका देवता हुन् र रामको सेवामा आएका हुन् । तिम्रा कृष्णले कपट गरेर व्यर्थै जरासन्धलाई मारीदिए । बनमा सदा गोपहरूको सहायता लिए । उनले गोपहरूलाई आफ्नो सवारी बनाएर सधैं वनमा यताउता घुमेर खेल्दथे । उनले काशी सहर जलाएर खरानी बनाए र आफ्ना साख्य माला रूक्मीलाई कुरूप पारिदिए । शिवभक्त वाणसुर र शिवीसित बेकार युद्ध गरे । शिशुपालले उनको खुब निन्दा गरे । शत्रुले उनको नातीलाई जितेर आफ्नो वशमा पारेर पारिजात दिने समयमा आफ्ना स्त्रीमा पनि भेदभाव गरे ।

कृष्णभक्त भन्दछन्- तिम्रो रामको छोराले पनि आफ्ना ससुरालाई बाँधेका थिए र रामले शिवभक्त रावणलाई युद्धमा मारेका थिए । उनलाई ब्रह्महत्या तब लाग्यो र अगस्त्य मुनिले उनको खुब निन्दा गरे । आफ्नो काम बनाउनको लागि रामले रावणको भाइ विभीषणलाई फुटाएर मित्र बनाएका थिए । अर्काको घरमा रहेका स्त्रीलाई ल्याएर घरमा राखे, फेरि त्यही स्त्रीसित निठुरी बने । काम-वासनाको लागि आएका धेरै स्त्रीहरूको इच्छा पूरा गरेनन् । सवारीमा चढेर तीर्थयात्रा गरेर एकान्तमा वेश्यागमन गरेर पतिव्रता सीतामाथि भूठा आरोप लगाए । उनले आफ्ना छोरा लवलाई समेत मार्ने आज्ञा दिएर शम्बुक, शुद्र तथा सिंहलाई मार्न लगाए ।

रामभक्त भन्दछन्- हे द्विज ! अन्त्यमा ब्राह्मणको श्रापबाट तिम्रा कृष्णको वंशै नष्ट भएको थियो र उनको द्वारिकापुरी समुद्रले बगाएको थियो । उनले मद्यपान गराएर आफ्ना भाइ छोरा नाती सबैको वध गराए । अन्तिममा आफ्ना अतिप्रिय अर्जुनलाई समेत दर्शन दिएनन् । उनले एक्लै द्वारिकापुरीबाट गोलोकको यात्रा गरे, एक बहेलीको साधारण वाणबाट आफ्नो अन्त्य गरे ।

कृष्णभक्त भन्दछन्- तिम्रा रामले आफ्ना छोरासित भयानक युद्ध गरे । 'मैले सीतालाई परित्याग गरिदिएको छु' यस्तो संसारलाई देखाएर पनि वाल्मीकिको आश्रममा पुगेर सीता तथा छोरालाई गुपचुप भेटेका थिए । पिण्याक र इंगुदीको फलले आफ्ना पितालाई पिण्डदान गरेका थिए । जब दण्डकारण्यमा यताउता घुमिरहेका थिए तब पनि आफ्ना पितालाई फलद्वारा पिण्डदान (श्राद्ध) गरिरहेका थिए । ऐरावतद्वारा भोग गरेकी मंचलाई बोकाएर पृथ्वीमा लिएर आए । अस्वत्थ काटेको अपराधमा रामले एउटा महायज्ञ गर्नुभयो । मुनिहरूलाई बाँकी आयु बिताउनको लागि आफ्नो जेठो छोरालाई यमराजसित युद्ध गराए । केवल फूल सुँघेको कारण स्त्रीहरूलाई दण्ड दिलाए । हाम्रा कृष्णले वालक कालमा ख्याल ख्यालमा नै पुतनालाई मारिदिए । तृणासुर आदि दैत्यलाई मारेर गोवर्धन पर्वतलाई एउटा औंलाले उठाए ।

रामभक्त भन्दछन्- हाम्रा रामले बालककालमा नै ताडुका तथा मारीच आदि धेरै राक्षसलाई मारिदिए र पानीमा ढुङ्गा तैर्‍याइदिए ।

कृष्णभक्त भन्दछन्- हाम्रा प्यारा कृष्णले आफ्नो सुन्दर रूपबाट ब्रजका समस्त गोपिनीहरूलाई मोहित पारिदिनुभयो र राधा नाम भएकी ती सुन्दरीलाई मुग्ध पारेका थिए । जसले आफ्नो असाधारण सौन्दर्यबाट कामदेवलाई लाजमर्दो पारेकी थिइन् ।

रामभक्त भन्दछन् हाम्रा रामले आफ्नो सौन्दर्यबाट देवपत्नीहरूलाई पनि मोहित पार्नुभएको थियो । ती सबै मध्यरातको समयमा एकान्तमा रामलाई भेट्न गएका थिए । तर, रामले ती सबैलाई आमा समान सम्झनुभयो र सबैलाई वरदान दिनु भई सन्तुष्ट पार्नुभयो । तिनीहरू नै जन्मान्तरमा गोपिनी भएका हुन् । त्यसबाट रामचन्द्रले मुखबाट ताम्बूल (पान) निकालेर आफ्ना दासीलाई खान दिनुभयो र त्यही दासी अर्को जन्ममा राधा भएर जन्मेकी हुन् । यसैले मेरा राम धन्य हुनुहुन्छ । किनकी उहाँ एक पत्नी ब्रतधारी हुनुहुन्छ ।

कृष्णभक्त भन्दछन्- हाम्रा कृष्णचन्द्रले सोह्र हजार एकसय आठ स्त्रीहरूलाई विधिवत विवाह गर्नुभएको थियो । रामभक्त भन्दछन्- हाम्रा रामचन्द्रले संसारका समस्त स्त्रीहरूलाई मोहित पार्नुभएको थियो तर स्त्रीको रूपबाट होइन, आमाको भावबाट मात्र हो । किनभने हाम्रा राम वीर पुरूषार्थी हुनुहुन्थ्यो । तर कृष्णले गोपका नारीहरूलाई मोहमा पारेर आफ्नो कामवासनालाई पूरा गरे । कृष्णभक्त भन्दछन्- हे ब्राह्मण ! हाम्रा कृष्णले ख्याल ख्यालमा कुवलयापीड हात्तीलाई मारीदिए । रामभक्त भन्दछन्- मेरा रामले अष्ठापद नामको राक्षसलाई सहजै मारिदिनुभयो । कृष्ण भक्त भन्दछन्- मेरा कृष्णले आफ्नो प्रतापले यमुनाको धार बदली दिनुभयो ।

राम भक्त भन्दछन्- मेरा रामले गङ्गालाई खण्डित पारे । कृष्णभक्त भन्दछन्- हाम्रा कृष्णले आफ्नो पराक्रमले कल्पवृक्ष त्याग्नुभयो । रामभक्त भन्दछन्- हाम्रा रामले अयोध्यामा बसी-बसी स्वर्गबाट कल्पवृक्ष तथा पारिजात मगाउनुभयो । कृष्णभक्त भन्दछन्- हाम्रा कृष्णले गुरूजीका मरेका सात छोरालाई यमलोकबाट जीवित ल्याएर गुरूलाई भेट दिनुभयो । रामभक्त भन्दछन्- हाम्रा रामले अयोध्यामा मरेका सात जना मानिसलाई जीवित पारीदिनुभयो ।

कृष्णभक्त भन्दछन्- हाम्रा कृष्णले द्रौपदीको माग अनुसार थारो रूखमा पनि फल फलाउनुभयो । राम भक्त भन्दछन्- हाम्रा रामले पनि सीताको भनाइ अनुसार तुलसीको चुँडिएको पातलाई फेरि जोडिदिनुभयो ।

कृष्णभक्त भन्दछन्- हाम्रा कृष्णजीले जङ्गलमा दुर्वासाले मागे अनुसार अन्न दिनुभयो । रामभक्तले भने- हाम्रा रामले अयोध्यामा दुर्वासाको माग पूरा गर्नुभयो र लोकमा आफ्नो प्रताप देखाउनुभयो ।

कृष्णभक्तले भने- हाम्रा कृष्णले अनेकौं रूप धारण गरे । रामभक्तले भने- हाम्रा रामले लङ्काबाट फर्केपछि अयोध्यामा सबैसित एकैचोटी धेरै रूप धारण गरेर दर्शन दिनुभयो ।

कृष्णभक्त भन्दछन्- हाम्रा कृष्णले शुदामालाई सुवर्णमय नगर प्रदान गरेर खुशी पार्नुभयो । रामभक्त भन्दछन्- हाम्रा रामले विभीषणलाई सुवर्णमय लङ्का प्रदान गर्नुभयो । कृष्णभक्तले भने- हाम्रा कृष्णले सूर्य ग्रहणमा कुरुक्षेत्र गएर स्नान गर्नुभयो ।

रामभक्त भन्दछन्- हाम्रा रामले पनि कुरूक्षेत्रमा सूर्य ग्रहणमा स्नान गर्नुभयो । हाम्रा रामले सदासर्वदा सत्य बोल्नु हुन्छ तर तिम्रा कृष्णले धेरै कुरा गरेर झुट्टा बोल्दछन् । हाम्रा रामले एकै वाणले शत्रुको संहार गर्नुहुन्छ तर कृष्णका धेरै बाण विफल भएका छन् । हाम्रा रामका एक स्त्री सीता मात्र हुनुहुन्छ । तर कृष्णका धेरै छन् । रामको एक शैया मात्र छ तर कृष्णका अनेकौं शैया छन् । हाम्रा रामको अयोध्या सरयू नदीको किनारमा छ । यस विपरीत कृष्ण पश्चिम समुद्रको किनारमा बसेका छन् । हाम्रा रामका तीन भाइ छन् भने तिम्रा कृष्णको एक भाइ मात्र छन् ।

हाम्रा रामको कामधेनु गाई छिन् । मणि, पुष्पक, कल्पवृक्ष, पारिजात आदि मुनि अगस्त्यले दिनु भएको दुई कण पनि छन् । ऐरावत वंशमा जन्मेका चार दन्त भएका हात्तीमा नौ रत्न विद्यमान छ । हे ब्राह्मण ! तिम्रा कृष्णको साथमा दुईटा मणि र पारिजात मात्र र तीनै वटा रत्न मात्र छ । यस्ता कृष्णको व्यर्थै किन स्तुति गर्दछौं ? राम सात द्वीपका स्वामी र सबै राजाबाट बन्दन गरिनुहुन्छ । राम ईश्वर र जगदीश्वर दुवै हुनुहुन्छ, त्यसैले मेरा रामको बराबरमा कृष्णलाई नमान । रामसित धनु र अक्षय धनुको

ठोक्रो पनि छ । उहाँले ब्राह्मणको इच्छा पूरा गरिदिनुहुन्छ । जोसित सिंहासन छ, दुईटा चमर र छत्र छन्, जसका साथमा पुष्पक विमान छ र आफू समान दुई छोरा पनि छन् । जसलाई दान दिएको रामनावपुर आजसम्म पनि विद्यमान छँदैछ । साक्षात् शिवले सधैं रामको भजन जप गरिरहनुहुन्छ ।

काशीमा मरण हुने प्राणीलाई शिवले घुमी-घुमी रामतारक मन्त्र सुनाउनुहुन्छ । त्यसैले संसारका मानिसले मर्ने बेलामा रामको ध्यान गर रामनाम जप भन्दछन् । मृतप्राणीलाई मोक्ष होस् भनेर लाश लैजाँदा खेरी पनि रामनामको उच्चारण गर्दै लैजान्छन् । जसको नामको यस्तो महिमा छ, म उनै रामको स्तुति गर्दछु । यसकारण बाल्मीकिले धेरै पहिले नै रामायण बनाएका थिए, जसको श्लोकको सङ्ख्या सय करोड थियो । तिम्रो सबै कृष्ण चरित्र त्यसमा समावेश भएको छ ।

श्रीरामदास भन्दछन् जुनवखत यी दुवै जना परस्पर विवाद गरिराखेका थिए, तब आकाशवाणी भयो "रामका अगाडि स्तुति गर्ने कसैको सामर्थ्य छैन । यो आकाशवाणी ती दुवैले र अरू मानिसले पनि सुने । यस्तो आकाश वाणी सुनेर त्यहाँ बसेका सबैले रामको जयजयकार गरेर ताली बजाउन लागे र ती रामभक्तमाथि पुष्पवृष्टि हुन लाग्यो । यति मात्र होइन, देवताहरू आएर रामभक्त माथि फूल वर्षाउन लागे । यस्तो देखेर कृष्णभक्तले केही भन्न नसकेर रामभक्तलाई नमस्कार गरेर बारम्बार विन्ती गर्न लागे ।

रामभक्तले पनि कृष्ण भक्तलाई प्रणाम गरेर अङ्कमाल गरेर भन्न लागे– हे द्विजोत्तम ! न कृष्णदेखि राम अलग हुनुहुन्छ न रामदेखि कृष्ण अलग हुनुहुन्छ । तर, अयोध्या शहरका पालक लक्ष्मण सहित बालरूपधारी रामको नाम भन्ने मेरो इच्छा छ । यसकारण मैले सधै रामको स्तुति गर्दछु र कृष्णको निन्दा । त्यो सबै तिमी माथिको ईखले गरेको हुँ । होइन भने मैले यी दुवैलाई समान रूपबाट सम्झन्छु फरक मान्दिन । राम नै कृष्ण र कृष्ण नै राम हुनुहुन्छ । यी दुवैमा केही पनि फरक छैन । अहिले जे जति भनेको छु त्यो सबै कुतर्क मात्र थियो । जुन मानिसले राम र कृष्ण फरक सम्झन्छ, त्यो नरकमा पर्दछ । यसमा कुनै शङ्का छैन । केवल तिम्रो घमण्ड हटाउनको लागि यस्तो भनेको हुँ ।

यसबखत आकाशवाणीबाट पनि रामको स्तुतिको आवाज आइरहेको छ । यसो भनेर कृष्णभक्तलाई सान्त्वना दिएर दुवैलाई पूजा गरेर रामभक्त ब्राह्मण सभामा चुप लाग्नुभयो । माघ महिना बितेपछि दुवै जना आ-आफ्ना घर(देश)मा गए । यसैले म भन्दछु– हे शिष्य ! समस्त अवतारमा राम अवतार भन्दा उत्तम अवतार अरू कसैको भएको छैन । त्यसैले तिमीहरूले उनै रामको भजन गर र पूजा गरेर उनैको कथा सुन अरू म फेरि भन्नेछु ।❖

स्रोतः हरिबहादुर थापा क्षत्रीद्वारा अनुवादित 'आनन्द रामायण'

हाम्रा सेवाहरू

- सम्पूर्ण धार्मिक पुस्तकहरू खुद्रा तथा थोक मूल्यमा प्राप्त गर्न,
- सहज रूपमा पुस्तक तयारी, छपाई गरी प्रकाशन/वितरण गर्न
- घरघरमा पुस्तक अभियानमा काम गर्न इच्छुकले सम्पर्क गर्न
- स्वरोजगारीको रूपमा धार्मिक पुस्तक विक्रि गरी आम्दानी गर्न
- धार्मिक, अध्यात्मिक तथा अन्य सिर्जनात्मक पुस्तकका लेखक तथा संकलकहरूलाई आह्वान
- पुस्तकालय स्थापना गर्न सहज भूमिकाका लागि

A/C No.
20401010000284
USHA Education House
Global IME BANK
Hetauda Branch
Swift : GLBBNPKA



उद्धवकुमार घिमिरे
9851030972
email : uddhavkghimire@gmail.com
www.ushaeduhouse.com

नेपालको राजधानी काठमाडौं उपत्यकाभित्र बग्ने नदीहरू दिन प्रतिदिन प्रदूषित हुँदै गएपछि नेपाल सरकारले समेत यहाँको मुख्य नदी वाग्मतीलाई केन्द्रित गरी ढल विस्तार सहित नदी सफाईको निम्ति छुट्टै आयोजना नै स्थापना गरेर कार्य अगाडि बढाउँदै आएको छ । त्यसै गरी विभिन्न व्यक्ति तथा संस्थाले सरसफाइ अभियान सञ्चालन गर्न थाले । जतिसुकै अभियान शुरू गरे पनि त्यस्ता सफाइ अभियानले नदी सफाइमा खासै प्रभावकारी भूमिका नदेखिएपछि व्यक्तिगत या संस्थागत रूपमा सञ्चालित ती कार्यक्रमले निरन्तरता पाउने कुरै भएन ।

सानातिना अभियानबाट मात्रै वाग्मती सफाइमा प्रभावकारी भूमिका खेल्ने अवस्था नभएपछि तत्कालीन मुख्य सचिव लीलामणि पौडेको विशेष सक्रियतामा वाग्मती सफाइ महाअभियान प्रारम्भ भयो । वि.स. २०७० साल जेठ ५ गतेबाट आरम्भ भएको सो महाअभियान अहिलेसम्म पनि निरन्तर साप्ताहिक रूपमा (हरेक शनिवार विहान ७:०० देखि ९:३० बजेसम्म) सञ्चालित छ । गत फागुन २४ गते शनिबारसम्म यो अभियानको ६१६ औं हप्ता पूरा भइसकेको छ । यसै अभियानमा निरन्तर खटिनुहुने एक जना स्वयंसेवक हुनुहुन्छ ई. किशोर सिंह शाही ।

बुबा हरिसिंह शाही (हाल स्वर्गीय) र आमा अम्बुसिंह शाहीका कोखबाट वाराको विश्व गाउँमा जन्मनुभएका किशोरसिंह शाहीले पुल्चोक क्याम्पसबाट इन्जिनियरिङ गर्नुभएको छ । उहाँले भारत राजस्थानको विश्व भारती विश्व युनिभर्सिटी सहित विभिन्न कलेज र संस्थाबाट योगमा प्रशिक्षण लिनुभएका उहाँले विगत २७ वर्षदेखि आफू साधनारत अरूलाई समेत योगको प्रशिक्षण गराउँदै आउनुभएको छ । सरकारी सेवा अन्तरगत युवा तथा खेलकुद मन्त्रालयमा सेवा अवधि ५/६ वर्ष बाँकी हुँदा नै स्वेच्छिक राजीनामा दिइ सामाजिक सेवामा लाग्नुभएका उनै किशोरसिंह शाहीसँग वाग्मती सफाइ महाअभियानका हालसम्मका आरोहअवरोहको विषयमा गरिएको कुराकानीका मुख्य अंश तल प्रस्तुत गरिएको छ । सं.

वाग्मती सफाइ महाअभियानले नदी सफाइमा ठूलो जागरण ल्याएको छ

-किशोरसिंह शाही, अभियान्ता

वाग्मती सफाइका शुरूवाती अवस्था बारे छोटकरीमा बताइदिनुस् न ।

वि.सं. २०७० साल जेठ ५ गतेबाट वाग्मती सफाइ महाअभियान शुरू भएको हो । अखिल विश्व गायत्री परिवार, शान्तिकुञ्ज हरिद्वारका सयौं स्वयमसेवकहरू वाग्मती सफाइ महाअभियानको उक्त समुद्घाटनका अवसरमा उपस्थित हुनुहुन्थ्यो । त्यस संस्थाले छिमेकी मुलकमा गङ्गा सफाइमा उल्लेखनीय भूमिका गरेकोले यहाँ काठमाडौंवासीलाई समेत प्रेरणा होस् भन्ने दृष्टिकोणले डा. राजु अधिकारीको संयोजनमा त्यहाँको विशाल टिम वाग्मती नदी सफाइमा सरिक भएको थियो ।

त्यो बेलाको वाग्मती, त्यो बेलाको काठमाडौं उपत्यका कहालीलाग्दो थियो । जता हेर्‍यो फोहोरै फोहोरको डङ्गुर । वाग्मतीमा फोहोर यति थियो कि नदीमा पानी बगेको कतै देखिदैन थियो । फोहोरमा कुल्चिएरै वाग्मती तनुपर्ने अवस्था थियो ।

यो अभियानको उपलब्धी के पाउनु भएको छ ?

अहिले धेरै परिवर्तन भएको छ । वाग्मती सफाइ महाअभियानले गर्दा नै देशमा 'सफाइ गर्नु पर्दछ' भन्ने लहर ल्याएको छ । आजसम्म लगभग २१ हजार टन नकुहिने फोहोर हामीले वाग्मतीबाट निकाली सकेका छौं । १५ लाखभन्दा बढी मानिसहरू वाग्मती सफाइमा सहभागी भइसकेका छन् । सयौं हप्तामा पुरै वाग्मती नदीको दुवै किनार माखे साङ्लोले घेरेको सायद यहाँलाई पनि थाहा नै होला ! अहिले वाग्मती सफाइ अभियानकै प्रेरणाले विष्णुमती, रूद्रमती, धोवीखोला, हनुमन्ते, मनोहरा, गोदावरी, पनौती लगायतका धेरै सहायक नदी पनि सरसफाइ भइनै रहेको छ । देशभरि हजारौं स्थानमा भनौं टोल टोलमा सरसफाइ अभियान चलेको छ । यसले देशमा अलिकति भए पनि वातावरण सुधारमा सहयोग पुर्‍याएको छ ।

यहाँ त लामो समयदेखि वाग्मती नदी सफाईमा निरन्तर लागिरहनुभएको छ, नदी फोहर हुने मुख्य कारण के हुन् ?

नदी फोहर हुने मुख्य कारण त ढल नै हो । घरको नक्सा पास गराउँदा सेफ्टी टेङ्क राख्नु पर्छ भनी पास गराइएको हुन्छ तर बनाउँदा सेफ्टी टेङ्क राखिन्न। घरको सबै फोहर ढलमा जोडिदिएका हुन्छन्, त्यो ढल सिधै नदीमा मिसाइएको छ, त्यसैको कारण नदी प्रदूषित हुन्छ। अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत समाजले अहिलेसम्म पनि ढल पूरा गर्न सकेको छैन। त्यसैले अरवौ रकम खर्च भएर पनि वाग्मतीको पानी जस्ताको त्यस्तै छ भन्ने आरोप अहिले पनि हामीले खानु परेको छ । यसै गरी घरबाट निस्कासन हुने फोहरलाई जथाभावी नदीमा फालिदिनाले, नदीका तटिय क्षेत्रमा पशुपालन गर्नाले ती पशुजन्य मलमुत्रबाट पनि नदी दूषित बन्न पुग्दछ । यस्तै पशुपतिको आर्यघाट, शंखमुल घाट, टेकु दोभान लगायतका स्थलमा शव जलाउँदा निस्कने फोहरले पनि नदी निकै दूषित बनाउने गर्दछ । यसको समुचित व्यवस्थापन गरिनु जरूरी छ ।

नदी कसरी सफा गरिनु पर्दछ भन्ने लाग्दछ ?

वाग्मती सफाइ महाअभियानको प्रयासले मात्र नदी सफा बन्न सक्दैन । यो अभियानले समुदायमा नदी सफाइप्रति जनचेतनामा व्यापक विस्तार गरेको छ । नदी पूर्णतया सफा बनाउन मुहानदेखि चोभारसम्म ढल विच्छ्याई सफाइ कार्य अगाडि बढाउनु गरिनु जरूरी छ । ढलको पानी सफा गराउन एउटै स्थानमा बनाइएको प्रशोधन केन्द्र पर्याप्त छैन, ठाउँ ठाउँमा ससाना प्रशोधन केन्द्र बनाउनु पर्दछ । नदी तथा नदी किनारा र अन्य सार्वजनिक स्थलमा फोहर फाल्नेलाई कानून बमोजिम दण्ड जरिवाना गरिनु पर्दछ ।

वाग्मती नदी सफाइ गर्ने मुख्य जिम्मेवारी पाएको अधिकार सम्पन्न वाग्मती एकीकृत सभ्यता समितिले अपेक्षा अनुरुप काम गर्न नसकेको हो ?

त्यो समितिले एक्लै वाग्मती नदी सफा गर्न सक्ने कुरा पनि होइन । उहाँहरूको आफ्नै गुनासो छ– 'नाम अधिकार सम्पन्न वाग्मती एकीकृत विकास समिति भने पनि अधिकार अनि बजेट त्यति छैन। त्यसैले जनअपेक्षा अनुरूप काम गर्न सकिएको छैन ।' त्यसकारण समग्र नदी सफा गर्ने हो भने सरकारले सफाइ अभियानलाई प्राथमिकतामा राखी काम अगाडि बढाउनु पर्ने हुन्छ ।

वाग्मती सफाइ महाअभियानको यो दौरानमा यहाँले महसुस गर्नुभएको मुख्य समस्या के हो ?

हामी नागरिकको हैसियतले नदी सफाइ महाअभियानमा जुट्यौं तर सम्वन्धित निकायले हामीलाई अपेक्षित सहयोग गरेन । शुरूवाती समयमा पशुपति क्षेत्र विकास कोषले सहकार्य गर्नुको सट्टा हाम्रा स्वयंसेवकहरूलाई दुःख दिने गरेको यहाँले पनि महसुस गर्नुभएकै हो। वास्तवमा नदी सफाइ गर्ने मुख्य जिम्मेवारी त संघीय सरकारको, स्थानीय सरकारको हो। सरकारले यसको नेतृत्व गर्ने हो भने हामी सर्वसाधारण नागरिक

लाग्नु पर्ने अवस्था नै आउँदैन ।

सफाइको क्रममा यहाँलाई रमाइलो लागेको कुनै क्षण छ ?

हामीले वाग्मती सफाइ महाअभियानको नारा नै राखेका छौं- राज्यको निम्ति सातामा दुई घण्टा । त्यसैले हरेक शनिवारको विहानी नदी सफाइमा जुट्दा मलाई सधैं रमाईलो अनुभूति हुने गर्दछ । हामी नदी सफाइ मात्र गर्दैनौं बेलाबेलामा नाच्ने गाउने, प्रवचन योग सबै प्रकारका कृयाकलाप गर्दछौं । त्यसैले यो अभियानको क्रममा धेरै रमाइला क्षणहरू बिताएका छौं । अभियानका विभिन्न कार्यक्रममा राष्ट्रप्रमुख राष्ट्रपति, सरकार प्रमुख प्रधाममन्त्री, प्रधानन्यायधीश, मन्त्रीहरू, कलाकार, पत्रकार, विद्यार्थी, सबै पेशा र व्यवसायका मानिसहरूसँग सहभागी हुँदाको क्षण साँच्चैनै सधैं रमाइलो हुने गर्दछ ।

आगामि दिनमा अभियान फरक ढंगले चल्छ कि ?

पछिल्ला समय अधिकार सम्पन्न वाग्मती एकीकृत सभ्यता समिति र ए.डी.बी. प्रोजेक्टले पनि केही भौतिक पूर्वाधार निर्माण कार्य गरेको छ । तर नदीको पानी जुन प्रकारले सफा हुनु पर्दथ्यो त्यो भएको छैन, त्यसमा दुःख लाग्दछ । अहिले आएर केही नयाँ आशा पलाएको छ । गत पुस २२ गते अधिकार सम्पन्न वाग्मती एकीकृत सभ्यता समाजका अध्यक्ष, वाग्मती सफाइ महाअभियानका अभियन्ता पूर्व मुख्यसचिव लीलामणि पौडेल समेतको उपस्थितिमा बसेको बैठकले एउटा महत्त्वपूर्ण निर्णय गरेको छ, जस अनुसार वाग्मती नदीसँग सिमाना जोडिएका पालिकाका सम्वन्धित वडा कार्यालयको अगुवाईमा (वाग्मती नदीसँग विभिन्न पालिकाका गरी जम्मा दश वटा वडा छोइएको छ ।) तीनै निकाय (अभियान्ता, अधिकार सम्पन्न वाग्मती समिति, वडा) सम्मिलित भई वाग्मती सफाइ गर्ने निर्णय भएको छ । महाअभियान सञ्चालन भएको १२ औं वर्षमा यो एउटा महत्त्वपूर्ण निर्णय हो ।

यो अभियानको भावी कार्यक्रम के छ ?

नदी मात्र होइन, पहाड, हिमाल, तराईका हरेक गाउँ, वस्ती र नदी नाला सफा भएको दिन हाम्रो अभियान पूर्ण हुने छ । त्यही सुन्दर दिनको प्रतिक्षामा छौं हामीहरू । नत्र हाम्रो नदी सफाइको यो महाअभियान निरन्तर अगाडि बढिरहने छ ।❖

हाम्रो वाग्मती



वाग्द्वार हो शिर तिम्रो कति मिठो पानी,
त्यै पानीले बनेको छ, हाम्रो जिन्दगानी ।
सुन्दर शान्त जंगल छन् कोइलीको धुन,
त्यै धुनमा रमाउँछ तिम्रो हाम्रो मन ॥

काठमाडौंको सभ्यता हो वाग्मतीको पानी,
पहिले पहिले पौडी खेल्थे हाम्रा छोरा नानी ।
खानेपानी सिंचाई भन्दै तिम्रो दोहन भयो,
शुद्धिकरण क्यै भएन तिम्रो इज्यत गयो ॥

मानव वस्ती बढ्दै गए हाल्न थाले ढल,
नदी भित्रै फाल्न थाले प्लास्टिक र मल ।
मान्छे पनि के भएका संस्कार कता गयो,
सुसंस्कृत समाज निर्माण सपनी नै भयो ॥

पशुपति गोकर्ण र उत्तरगयाहरू,
तिमीलाई हेरिहेरी रून्छन् धुरूधुरू ।
खाली जमिन सकिहाल्यौं खुला ठाउँ छैन,
नदी सफा नुहँदा त नहुने रैछ चैन ॥

तर पनि मठ मन्दिर पार्क निर्माण भाछन्,
त्यै हेर्नलाई पर्यटक घुम्नफिर्न आउँछन् ।
लौन उठौं अब हामी मनमा उत्साह जगाइ,
वाग्मतीको मुहार फेरौं हातमा हात समाई ॥

मित्रताको सांग्लो बनाई अघि बढौं अब,
वाग्मतीलाई मात्र हैन सहायक नदी सब ।
तेरो मेरो नभनेर जोगाऔं सभ्यता हाम्रो,
जनता सरकार सबै मिली बनाऔं वाग्मती राम्रो ॥ ❖

(इन्जिनियर कमल अर्यालद्वारा लिखित कविता वागमती स्मारिकाबाट)

क्षमाशीलता र जीवन रुपान्तरण

काममा मन लाग्दैन । कुरा सुन्दा झोक चन्छ । जहिले पनि चिच्याहट लाग्छ । मन कतै अडिँदैन । मानिसहरू हललल हाँसेको सुन्दा आफ्नो भने मनमा चटटट डढेलो चटचटाउँछ । चसक्क चस्कन्छ छाती । मनमा ठुलै घाउ भएको हो कि ? के हो ? के हो ? समाज कति निठुरी छ भने मन यति पिरो अमिलो र थिलथिलो हुँदापनि झिच्च हाँसेर बोल्नु पर्छ । यस्तो किन हुन्छ ? सुविख्यात मनोचिकित्सक मौरिस फ्रेडम्यान भन्छन्, यस्तो त्यसै हुँदैन । थिचिएर मिचिएर वा कुनै कारणले मनको तल्लो तहमा गाँठो परेको हुनसक्छ । सतहमा यो देखिँदैन । गाँठो भित्रभित्रै कसिन्छ, गाडिन्छ अनि दुख्न थाल्छ । आक्रोश उम्लन्छ । आँसु आउँछ ।

मानव मनोवेत्ता जे.डी. फ्र्याङ्कले व्यापक शोध अनुसन्धानपछि निर्क्यौल निकाल्दै भनेका छन्, मनमा यस्तो गाँठो कसैको कटु व्यवहारका कारण बन्छ, जुन हामी बिर्सन सक्दैनौँ । जस्तै हेला, उपेक्षा, तिरष्कार, अपमान, गाली सबैले मानव मनमा गाँठो पार्छ । बदला लिने आक्रोशले भित्रभित्रै ज्वालामुखीको रूप लिन्छ । आफ्नो क्षमताले नपुगेर बदला लिन नसकेपछि यही कुरा गहिरो घाउ बन्छ, पीडा बन्छ, छटपटी बन्छ । भित्रभित्रै आफैलाई पिरोल्छ, गाल्छ ।

जापानी मनोचिकित्सक के. कुरोकाबाका अनुसार कान आँखाबाट पसेको पीडा मनका बाटोबाट शरीरमा नउत्री छाड्दैन । मनको पीडा जति जति गहिरो हुन्छ त्यति त्यति त्यसले शरीरमा रोग निम्त्याउन थाल्छ । कुरोकावाका सहवैज्ञानिक योशीयुकी कागोले आफ्नो वैज्ञानिक शोधमा यसको खुलासा गर्दै भनेका छन्, नकारात्मक भावहरू, जस्तै विश्वासघात, द्वेष, ईर्ष्या, जलन, प्रतिशोध जस्ता भावहरूमा जो डुबिरहन्छ त्यसलाई उच्च रक्तचाप र यसै चापका बाटोबाट हृदयाघात लगायत आँतका विभिन्न रोग पनि आइलाग्न सक्छन् । यसरी नकारात्मक भावनाहरू केवल मनलाई पीडा र छटपटी दिने मात्र होइन शरीरलाई पनि प्रतिपल गलाउँदै र कमजोर पार्दै मार्दै लान्छन् ।

कुरोकाबा र योशीयुकीको शोध अध्ययनबाट के पनि पत्ता लाग्यो भने जसले पीडकलाई पनि क्षमा दिन सक्छ त्यसले आफूलाई रक्तचापजस्ता घातक बिमारीबाट जोगाउन सक्छ । हामीले हाम्रा पूर्वजहरूको सल्लाह "क्षमा गर्नुस् र बिर्सिदिनुस्" को सूत्र मात्र अपनाउन सक्यौँ भने हामी आफ्नो जिन्दगी बदल्न सक्छौँ । कसैले आफूमाथि गरेको निष्ठुरता र अपमानको व्यवहारलाई हामीले क्षमा गरिदियौँ भने हाम्रो जीवनमा शान्ति र सन्तोषको वातावरण निर्मित हुन सक्छ । हामी मानसिक शारीरिक नानाथरी रोगबाट जोगिन सक्छौँ ।

नीतिकारहरू भन्छन्, क्षमा बलं अशक्तानां शक्तानां भूषणं क्षमा । क्षमा वशीकृति र्लोके क्षमया किं नसिध्यति ?" अर्थात् निर्बल अशक्तहरूका लागि क्षमा बल हो । जादूमयी शक्ति हो । बलिया र सशक्तहरूका लागि क्षमा आभूषण हो । गहना हो । क्षमाशीलताले विद्वान् वीर, बहादुरहरूको इज्जत बढाउँछ । क्षमा वशीकरणको प्रभावकारी उपाय हो । क्षमाबाट धेरै समस्या समाधान हुन सक्छन् ।

अन्याय अत्याचार दुर्व्यवहार सबैलाई क्षमा गर्ने ? कतिसम्म क्षमा गर्ने ? यो लर्तरो प्रश्न होइन । यो सामाजिक र न्यायिक प्रश्न हो । शान्ति सुरक्षाको प्रश्न पनि हो । मूलतः सुशासनसँग सम्बन्धित प्रश्न हो । यी प्रश्नमा शारीरिक हिंसाको पक्ष प्रमुख छ । हामी यहाँ मानसिक हिंसाको कुरा गर्दैछौँ । जो रङ्गेहात समात्न र देखाउन त्यति सजिलो छैन । जुन पीडा घरमा, कार्यालयमा बाटाघाटोमा सभागोष्ठीमा प्रत्यक्ष अप्रत्यक्ष किसिमबाट बेहोर्नु परेको हुन्छ, यसरी बेहोर्नु परेका मानसिक पीडा शारीरिकभन्दा जब्बर पनि हुन सक्छ । यस्ता पीडकलाई कसरी क्षमा गर्ने ?

यो सवाल कतिपय सन्दर्भमा अनुत्तरित रहन पनि सक्छ । कुनै विवेकशील व्यक्तिले कसैको दुर्व्यवहार क्षमा गर्न चाहे पनि भावना र अनुभूतिमा छाएको पीडाले क्षमालाई जन्मनुअघि नै पन्छाइदिन पनि सक्छ । आधुनिक मनोचिकित्सकहरू मानिसका यस्ता भावदशासित परिचित छन् । यसै कारण यिनीहरूले कतिपय टेक्निकको खोजी

गरेका छन् । जसको प्रयोग गरेर समस्याबाट बाहिर निस्कन सकिन्छ । यस क्रममा पहिलो बिन्दु हो आफूप्रति इमानदार रहनु । जुन व्यक्तिलाई तपाई क्षमा गर्न सकिरहेको हुनुहुन्न त्यसलाई नकार्ने काम नगर्नुहोस् । अरूझैँ तमाम मानवीय कमी कमजोरीयुक्त व्यक्तिका रूपमा त्यसलाई पनि हेर्नुहास् । तपाईले जति बढाएर चढाएर सोच्नुभएको छ त्यति नै मात्रामा उसले गल्ती गरेको नहुन पनि सक्छ । तटस्थ भएर, पूर्वाग्रहमुक्त भएर, गहिरिएर विचार गर्नुहोस् । यस क्रममा तपाई आफ्नो मनमा जे जस्तो भावना आओस् सहजतापूर्वक आउन दिनुहोस् । अनि हेर्नुहोस् बिस्तारबिस्तारै तपाईको मनको बोझ घट्दै जान्छ ।

यस क्रममा अर्को बिन्दु अलि बेग्लै खालको छ । तर यो प्रभावकारी छ । तपाई एक पाना कागत लिनुहोस् । आफ्नो मनमा मडारिइरहेका भावनाहरूलाई त्यस कागतमा फटाफट लेख्नुहोस् । यस्तो एक पटक होइन अनेक पटक लेख्नुहोस् । मनोविज्ञानको भाषामा यसलाई मनोविरेचन भन्छन् । यसबाट क्रमिक रूपले मन हल्का हुँदै जान्छ । यसरी कागतमा लेख्ने अर्को पाटो पनि छ । तपाई कागतमा त्यसलाई मैले माफ गरिदिएँ भनेर पनि लेख्नुहोस् । एक पटक होइन अनेकौँ पटक लेख्नुहोस् । यसरी लेख्दा मानसिक आक्रोशको दिशा बदलिन्छ । केही समयपछि मन हल्का महसुस हुन थाल्छ ।

यस क्रममा तेस्रो बिन्दु सार्थक विश्लेषणको हो । तपाई खालि आफ्नै बारेमा मात्र नसोच्नुहोस् । आफूलाई उसको ठाउँमा राखेर पनि सोच्नुहोस् । उसको दृष्टिकोणलाई पनि पहिल्याउन, बुझ्न प्रयास गर्नुहोस् । तपाइको आफ्नै सोच गलत रहेको पनि त हुन सक्छ । अर्काको दृष्टिकोण बुझेपछि सजिलैसित आत्मविश्लेषण गर्न सकिन्छ । परिणामतः तपाईले जति बढाइचढाई सोच्नुभएको छ त्यति नै तहमा उसको गल्ती छैन भन्ने पो साबित हुन आउँछ कि ! त्यसो भए त झन् सजिलै माफ गर्न र मनको बोझ बिसाउन सकिन्छ ।

तरिका जुन कुनै अपनाए पनि क्षमा दिने विचार मनमा जति गाढा र गहिरो हुन्छ, त्यसै अनुपातमा मनको दुःख पीडा बिलाउँदै जान्छ । मौरिस फ्रैडम्यानले त यसरी माफ गर्नुलाई एक नयाँ जीवनको आरम्भ मानेका छन् । रूपान्तरण मानेका छन् । मौरिसका अनुसार माफ गरेपछि जिन्दगीमा एक नयाँ ताजगी, ऊर्जा र गति प्राप्त हुन्छ । मनश्चेतना ग्रन्थिमुक्त हुन्छ । गाँठो फुकिन्छ । पीडा छटपटी डाहा कहाँ हराउँछ कहाँ, खोज्दा भेटिँदैन । अनि चिन्ता किन लिने ? आफूभित्र क्षमाशीलताको विकास गरौँ र प्रकाशपूर्ण दिशातिर नयाँ कदम बढाउँ ।

हाम्रा वेदान्तकालीन ऋषिमुनिहरू वनि साङ्केतिक सूत्र रूपमा ठीक यही भन्थे तमसो मा ज्योतिर्गमय ! हे जगन्नियन्ता, मलाई अँध्यारोबाट उज्यालोमा लैजाऊ ।❖

अनुप्रस्तुतिः शारदारमण नेपाल

अखण्डज्योति वर्ष ६६ अङ्क ३ बाट

यज्ञको महत्त्व

चारै वेदले यज्ञको महिमाको विषयमा मुक्तकण्ठले प्रशंसा गरेका छन् । यज्ञको महिमाको सम्वन्धमा वेदमा उद्धृत केही मन्त्रका आसय तल प्रस्तुत गरिएको छ–

- यज्ञ गर्नाले शत्रु नष्ट हुन्छन् । –अथर्ववेद ९/२/६
- प्रत्येक कार्य यज्ञबाट शुभारम्भ गर ।
–ऋग्वेद १०/१०१/२
- सामूहिक यज्ञ, उपासना, अनुष्ठानको महत्त्व असंख्य गुणा धेरै हुन्छ । –अथर्ववेद ३/३०/६
- हे विद्वान् यज्ञको प्रचार गर । जसलाई स्वर्गीय सुख प्राप्त गर्नु छ उसले यज्ञ गरोस् । –ऋग्वेद
- यज्ञ वैदिक संस्कृतिको मुख्य प्रतीक हो । वैदिक संस्कृतिमा जति यज्ञको महत्त्व दिइएको छ त्यति अन्य विषयमा छैन ।

महर्षि अत्रिका कुलमा जन्मेकी विदूषी विश्वबाराले अथक परिश्रमका साथ गरेको अध्ययन, योगाभ्यासको बदलामा ब्रह्मवादिनी पद प्राप्त गर्नुभएको थियो । उहाँले ऋग्वेदका अनेकौं अनुच्छेदहरूको विवेचना गर्नुभयो । उहाँले जो स्त्रीलाई वेदको अनाधिकारिणी मान्दछन् ती पक्षलाई चुप रहन बाध्य बनाउनुभएको थियो । उहाँले परिवारबाट आएको विवाहको प्रस्ताव अस्वीकार गरी ब्रह्मवादिनी नै रही रहने प्रण गर्नुभयो । यसै गरी ब्रह्मवादिनी अलापाले पनि ऋग्वेदका कैयौं अध्यायहरूको रहस्योद्घाटन गर्नुभएको छ ।❖

(स्रोतः श्रीराम शर्मा आचार्यका साहित्य)

ऐतिहासिक पशुपति कोटिहोम:

मानवता र सेवाको प्रेरणादायी यात्रा



-भागवतश्री न्यौपाने

नेपालमा हिन्दु सनातनीहरूले सामूहिक रूपमा गर्ने धार्मिक अनुष्ठानहरूको परम्परा प्राचीन कालदेखि चल्दैआएको छ। यस्ता धार्मिक कार्यहरू समाजमा धार्मिक, सांस्कृतिक, सामाजिक तथा आध्यात्मिक उन्नति ल्याउने उद्देश्यले आयोजना गरिन्छन्। मुख्यतः पुराण, महायज्ञ, कोटिहोम, श्रीमद्भागवत कथा, चण्डी पाठ, रूद्राभिषेक तथा अन्य वैदिक अनुष्ठानहरू विशेष प्रयोजनका लागि गरिन्छन्। नेपालको धार्मिक, सांस्कृतिक र आध्यात्मिक केन्द्र पशुपतिनाथ क्षेत्रमा गएको श्रावण महिनाभरी एक महिने कोटिहोम महायज्ञ सम्पन्न भयो। यस महान् धार्मिक अनुष्ठानका संकल्पकर्ता युवासन्त विजय कृष्णमूर्तिजी महाराज हुनुहुन्थ्यो। उहाँले धर्मलाई केवल पूजा र अनुष्ठानको दायरामा मात्र सीमित नराखी सामाजिक सेवा र परोपकारसँग जोड्नु भएको छ। उहाँको धारणाअनुसार धर्म केवल व्यक्तिगत मुक्ति वा मोक्ष प्राप्तिको साधन मात्र नभई, सेवा र समर्पणको मार्ग पनि हो।

धर्म र परोपकार

धर्मको साँचो सार मानव सेवा र परोपकारी कार्यमा निहित छ। केवल पूजा-पाठ वा धार्मिक अनुष्ठान मात्र धर्म होइन, बरू धर्मको वास्तविक उद्देश्य भनेको मानव कल्याण र समाज सुधार हो। कुनै पनि धर्मले पूजा, पाठ, ध्यान साधनालाई मात्र नभई परोपकारी कार्यलाई अनिवार्य रूपमा अँगालेको हुन्छ। हिन्दु, बौद्ध, इस्लाम, क्रिश्चियन लगायत सम्पूर्ण धर्मशास्त्रहरूले मानवता, दान, सेवा र करूणालाई उच्च प्राथमिकता दिएका छन्।

प्राचीनकालमा धर्मको माध्यमबाट विभिन्न परोपकारी कार्यहरू सम्पन्न गरिन्थे। वैदिक कालदेखि नै शिक्षा, स्वास्थ्य, भोजन र आश्रय प्रदान गर्ने कार्यलाई धार्मिक कर्तव्य मानिन थालियो। गुरूकुल प्रणालीमार्फत निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्थाको शुरूवात गरी समाजमा योग्य र आदर्शवान नागरिकद्वारा ज्ञानको प्रसार गर्ने परिपाटि आज पनि कायम नै छ। ऋषिमुनिहरूले समाजका विभिन्न वर्गलाई शिक्षादीक्षा दिने, रोगी तथा असहायको सेवा गर्ने, जलस्रोतहरूको निर्माण गर्ने, धर्मशालाहरू बनाउने जस्ता परोपकारी कार्यमा आफ्नो जीवन समर्पित गर्थे। उदाहरणका लागि हिन्दु धर्मशास्त्रहरूमा उल्लेखित अन्नदान, विद्यादान, अभयदान, भूदान जस्ता परोपकारी कार्यहरूलाई उच्च स्थान दिइएको छ। धार्मिकरूपमा जोडिएको व्यक्तिले कुनै न कुनै रूपमा दान दिने सामर्थ्य राख्दछ। भारतमा सम्राट अशोकले धर्मको प्रचारसँगै अस्पताल, सराय (धर्मशाला) तथा यात्रुहरूका लागि विश्रामस्थलहरू निर्माण गरेका थिए। बौद्ध धर्ममा पनि संघ र विहारहरू मानव सेवाका केन्द्रहरू थिए, जहाँ साधु-सन्तहरूले ज्ञान बाँड्नुका साथै रोगी तथा असहायहरूको सेवा गरिन्थ्यो।

आजको समयमा पनि हिन्दु धर्ममा अन्नदान, वस्त्रदान, भूमिदान तथा पान्थ (यात्रु)हरूको सेवा महत्त्वपूर्ण मानिन्छ। मठ-मन्दिर, पाटीपौवा तथा गुठी संस्थाहरूको स्थापना गरी गरिव तथा असहायहरूलाई निस्वार्थ भावले सहयोग गर्नु नै हाम्रो धर्मको असली मर्म हो। इस्लाम धर्ममा 'जकात' अनिवार्य गरिएकाले धनीहरूले आफ्नो सम्पत्तिको केही अंश गरिवहरूको सहयोगका लागि दिने परम्परा थियो। खिृष्टियन धर्ममा पनि चर्चमार्फत अनाथ, असहाय तथा रोगीहरूको सेवाका लागि विशेष कोषको व्यवस्था गरिएको पाइन्छ।

आत्मार्थं जीवलोकेऽस्मिन् को न जीवति मानवः।
परं परोपकारार्थं यो जीवति स जीवति॥

(यो संसारमा आफ्नो लागि को बाँच्दैन र ! तर जो परोपकारको लागि बाँच्दछ, उसले नै सहि जीवन बाँचेको हुन्छ । अर्थात् जसको जीवन परोपकारको लागि हो, उसको जीवन नै वास्तवमा जीवन हो ।)

आजको समाजमा धर्मको नाममा विभिन्न स्वार्थपूर्ण क्रियाकलाप पनि देख्न सकिन्छ, तर साँचो धार्मिक चेतना परोपकारी भावनासँग जोडिएको हुन्छ । धर्मको वास्तविक उद्देश्य मानिसलाई नैतिकता, दया, करूणा र सहयोगको मार्गमा अग्रसर गराउनु हो । त्यसैले, धर्मलाई सामाजिक सेवा र परोपकारी कार्यसँग गाँस्दै अघि बढाउनु नै मानवताका लागि उत्तम मार्ग हो । यही मार्गलाई पछ्याउँदै विजय कृष्णमूर्तिजी महाराजले अनाथ बालबालिका तथा असहाय ज्येष्ठ नागरिकको लागि आफ्नो धार्मिक कर्म समर्पण गर्नुभएको हो ।

पशुपति कोटिहोम र संकल्प

कुनै पनि महान् कार्यको संकल्प आफ्नो व्यक्तिगत स्वार्थका लागि मात्र नभई समाज र राष्ट्रको लागि गरिएको हुन्छ । आफ्नो लागि मात्र संकल्प गरिएको कार्य महान् हुन सक्दैन । परोपकारी सेवाभावका साथमा संकल्पित गत श्रावण महिनाभरि पशुपतिक्षेत्रमा सम्पन्न भएको एक महिने कोटिहोम महायज्ञ धर्म र परोपकारी सेवाको उत्कृष्ट उदाहरण बनेको छ । यस महायज्ञको मुख्य उद्देश्य धार्मिक अनुष्ठानलाई सामाजिक सेवासँग जोड्ने थियो । यसै पावन संकल्पअनुसार महायज्ञमा संकलित रकम अनाथ बालबालिका तथा सहाराविहीन ज्येष्ठ नागरिकहरूको सेवा र पुनःस्थापनाका लागि उपयोग गरिने भएको छ ।

यही उद्देश्यलाई पुरा गर्नको लागि गत पौष २७ गते गोदावरीमा चार रोपनी क्षेत्रफलमा सुविधासम्पन्न बालगृह र भक्तपुरमा तीन रोपनी क्षेत्रफलमा ज्येष्ठ नागरिक आश्रमको शिलान्यास भई निर्माण कार्यको शुभारम्भ भएको छ । स्थापनाको छोटो समयमा नै अनाथ बालबालिका र बेसहारा ज्येष्ठ नागरिकहरू गरी एक सय जनाभन्दा बढी व्यक्तिहरू यस परोपकारी कार्यबाट लाभान्वित भइरहेका छन् । उनीहरूको खानपान, शिक्षा, स्वास्थ्य उपचार तथा अन्य आवश्यक सेवाहरूको सम्पूर्ण जिम्मेवारी मानव सेवा फाउण्डेशनले लिएको छ, जसका अध्यक्ष स्वयम् विजय कृष्णमूर्तिजी महाराज हुनुहुन्छ । निकट भविष्यमै थप बालबालिका तथा ज्येष्ठ नागरिकलाई समेट्ने योजना समेत रहेको छ ।

मामाघर आश्रम

अभिभावक विहीन वालबालिकाहरूको लागि मामाघर आश्रम सपनाको सुन्दर संसार हो । मानिस जन्मिन्छ, हुर्कन्छ, समाजसँग गाँसिन्छ । तर सबैले परिवारको माया, वाबु आमाको काख र दाजुभाइ दिदीबहिनीको स्नेह

पाउँदैनन् । विभिन्न परिस्थिति र कठोर भाग्यले उनीहरूको अभिभावक र जन्मस्थान खोसेको हुन्छ । यसरी असहाय बनेका बालबालिकाहरूलाई मामाघर आश्रमले खाना, नाना र छाना प्रदान गर्दै घरेलु वातावरण प्रदान गरेको छ । यस वातावरणमा नैतीकसहितको आधुनिक शिक्षा, स्वास्थ्योपचार, प्रतिभा प्रस्फुटन (कला शिक्षा) आदिको व्यवस्था गरिएको छ । उनीहरू ललितपुर जिल्लाकै सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत छन् । आफ्नो अनुशासन, लगनशीलता र मिहिनेतले यस संस्थामा रहेका बालबालिकाहरू कक्षामा उत्कृष्ट मात्र नभई खेलकुद नृत्य, संगीत, वक्तृत्वकला लगायत अन्य अतिरिक्त क्रियाकलापहरूमा समेत उत्तिकै अब्बल रहेका छन् ।

प्रत्येक बच्चाले स्वच्छ पौष्टिक भोजन, स्नेहरूपी घर, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा र भावनात्मक समर्थन पाउनुपर्छ भन्ने दृढ विश्वास लिई यो आश्रयस्थल सञ्चालन गरिएको हो । अभिभावक विहीन, अनाथ तथा आधारभूत आवश्यकताबाट वञ्चित बालबालिकाहरूलाई आत्मविश्वासी र समाजमा सकारात्मक रुपमा योगदान गर्न सक्ने स्वतन्त्र व्यक्ति बन्न सशक्त बनाउने उद्देश्यका साथ सुरक्षित वातावरण प्रदान गर्ने, हुर्काउने र सफल बनाउने दिशामा मामाघर अनाथालय आश्रम समर्पित रहेको छ । जाजरकोटको भूकम्पबाट विचलित भएर अनाथ बनेका ३५ जना बालबालिकाको समेत अभिभावकत्व यही मामाघर अनाथालय आश्रमले लिएको छ । आमाको काख गुमाएका बालबालिकाहरूलाई निस्वार्थ प्रेम, सुरक्षा र अपनत्वको घेरामा राखी मातृवत् स्नेह प्रदान गरी सुन्दर भविष्यको निर्माण गर्ने यो परोपकारी कर्मको आधारस्तम्भ श्रीपशुपति कोटिहोम महायज्ञ नै हो ।

छोरीको घर ज्येष्ठ नागरिक आश्रम

छोरीको घर बेसहारा, दुःखी, गरिव, तथा आधारभूत आवश्यकताबाट वञ्चित ज्येष्ठ नागरिकलाई निःशुल्क रूपमा आश्रय, भोजन, वस्त्र र स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले समर्पित एक संस्था हो । छोरीले बुवाआमालाई सधैं माया गरिरहन्छिन् भन्ने भावनात्मक बुझाइअनुरूप नै यो नाम राखिएको हो । हाल आश्रममा विभिन्न जिल्लाबाट आउनुभएका बुवा–आमा आश्रित हुनुहुन्छ, जसमा आफ्ना सन्तान गुमाउनु परेका विपन्न परिवारका ज्येष्ठ नागरिकहरू पनि हुनुहुन्छ । उहाँहरूलाई रहनको लागि भक्तपुरमा शान्त वातावरणमा आश्रमको निर्माण गरिएको छ । माया र स्नेहले भरिएका सेवाकर्मीहरूद्वारा उहाँहरूलाई तालिकाअनुरूपको पौष्टिक भोजन, स्वास्थ्य सेवा, हेरचाह तथा अन्य आवश्यक कुराहरू उपलब्ध गराइने व्यवस्था गरिएको छ । आश्रमले आगामि दिनहरूमा पनि विभिन्न कारणले बेसहारा हुनुभएको अरू धेरै ज्येष्ठ नागरिकहरूका लागि समर्पित भएर कार्य गर्ने अठोट गरेको छ । बेसहारा ज्येष्ठ नागरिकहरूका लागि विश्वासको केन्द्र बनेर उभिएको छोरीको घर ज्येष्ठ नागरिक आश्रम धार्मिक अनुष्ठान (पशुपति कोटिहोम) को सामाजिक रूपान्तरणको नमूना बनेको छ ।

धार्मिक अनुष्ठानहरू प्रायः व्यक्तिगत लाभ वा आत्मसन्तुष्टिका लागि गरिन्छन् । तर, बिजय कृष्णमूर्तिजीले धर्मको वास्तविक सार बुझ्दै महायज्ञलाई समाजसेवामा रूपान्तरण गर्नुभएको छ । मानवतावादी दृष्टिकोणले भरिएको उहाँको यस अभियानले धर्मको वास्तविक सार्थकता उजागर गरिदिएको छ । उहाँको पहलले धर्मलाई केवल पूजाआजा र विधिमा सीमित नराखी, त्यसलाई समाजकल्याणसँग जोड्नुपर्छ भन्ने संदेशसमेत दिएको छ ।

पशुपति कोटिहोम महायज्ञ केवल धार्मिक क्रियाकलाप मात्र नभई सामाजिक रूपान्तरणको प्रेरणादायी अभियान बनेको छ । आचार्य कृष्ण दमाई र लेखराज विश्वकर्माको प्रवचन सामाजिक रूपान्तरणको एउटा आयाम थियो । धर्मलाई परोपकारी सेवासँग एकीकृत गर्दै गरीव, अनाथ, र असहाय व्यक्तिहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउने प्रयास अत्यन्त अनुकरणीय छ । धार्मिक आस्थाका नाममा हुने यज्ञ, महायज्ञ, कथा वाचन र प्रवचनहरूलाई सामाजिक सेवासँग जोडेर गरिने हो भने समाजमा ठूला सकारात्मक परिवर्तनहरू ल्याउन सकिन्छ भन्ने उदाहरण

उहाँले प्रस्तुत गर्नुभएको छ । बिजय महाराजको नेतृत्वमा सञ्चालित यो कार्यले समाजमा निःस्वार्थ सेवाको नयाँ उदाहरण प्रस्तुत गरेको छ, जसले भविष्यमा थप मानवीय कार्यहरूलाई प्रेरित गर्नेछ । पशुपति क्षेत्रबाट शुरू भएको यो कोटिहोम महायज्ञ मानवता, सेवा र धार्मिक सद्भावको उदाहरणीय यात्रा बनेको छ ।❖

–सेतोपुल, काठमाडौं

नगरवासीलाई हार्दिक अनुरोध !

- ◆. व्यक्तिगत घटना दर्ता जन्म, विवाह, वसाइराई सम्वन्ध विच्छेद, मृत्यु ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।
- ◆. खुल्ला स्थानमा फोहोर फाल्ने, ढल मिसाउने जस्ता कार्यहरू नगरौं ।
- ◆. ऐतिहासिक सम्पदा जस्तै धारा, पाटी, पौवा तथा अन्य धार्मिक महत्त्वका स्थानहरूको संरक्षण तथा संवर्द्धन गरौं ।
- ◆. कुनै पनि स्थायी संरचना बनाउँदा नगरपालिकाको अनिवार्य नक्सा स्वीकृति लिई निर्माण गरौं ।
- ◆. आफ्नो टोल आंगन, चोक, घर हामी आफैंले सफा सुग्घर राखौं, स्वच्छ हराभरा नगरपालिका निर्माणमा योगदान गरौं । घर अगाडिको फुटपाथमा निर्माण सामग्री तथा अन्य कुनै पनि सामग्रीहरू नराखौं ।
- ◆. समयमा नै कर तिरी असल र सभ्य नागरिकको परिचय दियौं ।

भजनी नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
सुदूर पश्चिम प्रदेश, कैलाली, नेपाली

धर्मः स्वभाव, स्वाभिमान, इतिहास र पहिचान



–डा. चिन्तामणि नाथ योगी

व्यक्तिगत स्तरमा धर्म भनेको स्वभाव हो अर्थात् स्वभाव, स्वबोध, स्वज्ञान, स्वचेतना आदि हो । गीतामा पनि स्वभावोऽध्यात्ममुच्यते भनेर ब्याख्या गरियो । यसैगरी पारिवारिक स्तरमा भन्नुपर्दा धर्म भनेको सुख सम्पदा पनि हो र परलोक अर्थात् मुक्ति पनि हो । अतः धर्मको परिभाषामा यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः" भनियो । यसरी धर्म अर्थ काम मोक्ष सहितको सुन्दर पारिवारिक जीवनको परिकल्पना गरियो । एवमेव सामाजिक स्तरमा भन्नुपर्दा धर्म भनेको दुःखीहरूको सेवा हो, कल्याण हो, परोपकार हो । त्यही भएर सेवा हि परमो धर्मः भनेर व्याख्या गरियो । मानवीय स्तरमा धर्मलाई प्रेम, करूणा, अहिंसा आदि मानवीय जीवनमूल्यसँग जोडियो र अहिंसा परमो धर्मः भनी व्याख्या पनि गरियो ।

राष्ट्रियस्तरमा धर्म भनेको पहिचान हो । धर्मको रक्षा, संस्कृतिको रक्षा, परम्पराको रक्षा, मूल धर्मको रक्षा, परम्परागत पद्धतिहरूको रक्षा, कुलधर्महरूको रक्षा आदि सबै धर्मका आधार हुन्, राष्ट्रिय पहिचान हुन्, सांस्कृतिक पहिचान हुन् ऐतिहासिक पहिचान हुन् । त्यसैले "धर्म एवं हतो हन्ति धर्मो रक्षति रक्षितः" भनियो ।

योजकस्तत्र दुर्लभ

नेपालमा परापूर्व कालदेखि बनेका मठमन्दिरहरूको संख्यात्मक रूपले गणना गर्दा कतै कुनै कमी छैन । हाम्रा पूर्वजले बनाइदिएका पाटीपौवा, चैत्य, गुम्बा, विहार, गौशाला, आश्रम, अखाडा, गुरूकुल आदि प्रशस्त छन् । जुन हाम्रा स्वाभिमान हुन्, हाम्रा धरोहर हुन्, हाम्रा गौरव हुन्, हाम्रा पहिचान हुन् । कालान्तरमा पनि विभिन्न स्वामीज्यूहरू, गुरूजीहरू, योगीजन, भक्तजन लगायत दाताहरूको, सद्धर्मसमाजसेवीहरूको सकारात्मक प्रयासमा बनेका मठमन्दिर आदि पवित्र स्थल एवम् तीर्थहरूको संख्या बढ्दै गएको छ । यसले नेपालको आन्तरिक पर्यटन र बाह्य पर्यटनमा पनि गौरव बढाएको छ ।

अहिले स्थानीय सरकारको व्यवस्थापछि पनि यस्ता सकारात्मक, धार्मिक, सामाजिक एवम् सांस्कृतिक प्रकारका प्रयासहरू गाउँगाउँमा पनि अति आशालाग्दो तरिकाले बढिरहेका छन् । तथापि एउटा ठूलो चिन्ता भने यथावत् नै छ । त्यो हो सबै धार्मिक स्थलहरू र मठमन्दिरहरूको बीचमा कुनै संयोजन छैन, परिचय छैन, प्रेम छैन, सुसम्बन्ध छैन । एक ठाउँमा समस्या पर्यो भने अर्को संस्थाले आएर होस्टेमा हैँसे गरिदिने व्यवस्था छैन । एउटा मन्दिरको मठको गुम्बाको जग्गा कतै कुनै स्वार्थी व्यक्तिलहरूले मास्न खोज्यो भने त्यसलाई रोक्ने कुनै संयन्त्र छैन । प्राकृतिक रूपले वा स्वाभाविकरूपले वा दैवी आशीर्वादले चलिरहेका छन् । तर त्यहाँ सुरक्षाको पूर्ण अभाव छ, सामाजिक सुरक्षाको अभाव छ, धार्मिक संगठनात्मक सुरक्षाको अभाव छ । हाम्रो बीचमा सद्भावना भए तापनि कुनै संयोजन भने छैन । योजकस्तत्र दुर्लभः भनेको जस्तै सबैको बीचमा संयोजन गरिदिने संयोजक संस्थाको अत्यन्तै डरलाग्दो खडेरी छ । के त्यो संयोजन गर्ने भूमिकामा तपाईं हामी अघि बढ्न सक्दैनौं ? के तपाईं हामी आफ्नो संस्थाको मात्रै प्रचार गरेर बस्ने ? आफ्नो संस्था मात्रै ठूलो हो भनेर यसकै पर्खालको उचाई मात्रै थप्दै जाने ? सिंगो नेपालमा भएका धार्मिक स्थलहरूको रक्षाका लागि नेपाल भरि नै के कसरी सुरक्षाकवच बन्न सकिन्छ ? त्यसका लागि संयोजनको भूमिका बनाउन गम्भीर भएर तपाईं हामी कहिले लाग्ने ?

वयं राष्ट्रे जागृयाम

हाम्रा शास्त्रहरूले संगच्छध्वं संवदध्वं..." भनेर संगठनको महिमाको बयान गरे । "सह नाववतु सह नौ भुनक्तु

..” जस्ता कालजयी मन्त्रहरू भनेर संघीय शक्तिको आह्वान गरे । यतिमात्र हैन, 'भगवान् श्रीरामको विजयको मूल आधार सुग्रिव सेनाको संगठित संगठन हो । द्वापरयुगमा पाँच भाइ पाण्डव विचको बलियो संगठन र एकअर्काप्रतिको विश्वास हो । द्वापरयुगमै भगवान् श्रीकृष्णले गोपगोपिनीहरूका बिचमा बाल्यकालमै गरेको संगठन कंसका लागि एक ठूलो चुनौती हो, कंसको पराजयको, वधको मूल आधार पनि हो ।' नेपालको एकीकरणको सन्दर्भमा पनि गुरू गोरखनाथको आशीर्वाद लिएर राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले गरेको गोर्खाली वीरहरूको एकता विश्वको इतिहासका लागि एक अत्यन्तै अनौठो इतिहास हो । दैवीशक्ति, दैवी नेतृत्व र दैवी संगठनको यस्तो महान शक्ति नेपालमा प्रकट भयो कि अंग्रेजहरू समेत घुँडा टेक्न बाध्य भए ।

सकारात्मक भावेन, शुद्धविशुद्धभावेन गरिएको संगठनले कहिले रावणलाई, कहिले कंसलाई, कहिले अंग्रेजहरूलाई परास्त गरेकै हो र भोलि पनि गर्दै जानेछ । तथापि अहिले हामी आएर संगठनमा चुकिरहेका छौं । संगठन गर्ने विषयलाई लिएर हामी उपेक्षा गरिरहेकाछौं । हामी स्वामीहरू, गुरूहरू, योगीहरू धार्मिक, सामाजिक एवम् राष्ट्रिय शक्तिका विषयहरूमा किन बेवास्ता गरिरहेका छौं ? हामीले पार्टीको जस्तो विरोध जुलुस गर्ने होइन । यो हाम्रो सनातन हिन्दु नीति पनि होइन । तर के हाम्रो गौशाला, गुरूकुल, हाम्रो धर्मग्रन्थ, हाम्रा गुरू, हाम्रो गुरूपरम्परा आदि बचाउनका लागि पनि हामीले संगठन नगर्ने ?

हामी धेरै छौं, धेरै नै धेरै छौं तथापि कमजोर छौं किनकि हाम्रो संगठन नै छैन । के सँधै यस्तै गुनासो मात्र गरिरहने हो ? धर्मनिरपेक्ष पार्टीलाई नै भोट हालेर आफैँलाई धोका दिएर गलत विचार र सोचको स्तुतिगान गरेर बाँचिरहने ? पाप के हो भन्ने ज्ञान जानेर पनि पापीहरूकै रमिता हेरिरहने ? कहिले बुझ्ने सनातन ऋषि सन्देशलाई–

“वयं राष्ट्रे जागृयामः वयमोंकारमानिनः।
हिन्दवो हि वयं सर्वे धर्मरक्षणतत्पराः॥ ”

आत्मनो हिताय राष्ट्रहिताय च

वैदिक युग, उपनिषद् युग एवम् प्राग्वैदिक समयमा आत्महित, आत्मसाधना नै सायद मानव जीवनका प्रमुख विषय थिए, लक्ष्य थिए, जीवन सूत्र थिए । तर क्रमशः पुराणकालीन समय, रामायणकालीन समय, स्मृतिकालीन समय र महाभारतकालीन समयमा राष्ट्रहित, राष्ट्र कल्याण र राष्ट्र रक्षाका कुराहरू पनि प्रवल हुँदै आए । कसरी गर्ने राष्ट्ररक्षा ? कसरी गर्ने गौरक्षा, धर्मरक्षा, यज्ञरक्षा आदि । त्यसमा अनेकौ प्रकारका नीतिनियम र चिन्तनहरू बन्दै गए । हुन त वैदिक युगमै पनि रक्षाको कुनै महत्त्व नभइदिएको भए वा सुरक्षा नीतिको कतै कुनै आवश्यकता नभएको भए धनुर्वेद जस्तो उपवेदको विकास पनि हुने थिएन । तर अहिले जे होस्, स्वधर्मको रक्षाको साथै कलीयुगमा व्यक्तिको रक्षा, परिवार रक्षा र राष्ट्ररक्षा एक प्रमुख विषय बनेको छ । नेपाल आफैँमा एक अद्भूत अवस्था, अवस्थिति र अवधारणामा बाँचेको देश भएकोले गर्दा यसको रक्षा झन् झन् रहस्यमय बनेकोछ । दुनियाँलाई हराउन सक्ने नेपाल आज आफैँ भित्रभित्रै हार्ने अवस्थामा जाँदैछ । गोर्खालीपनमा वीरता, सौर्यता, पराक्रम र पुरूषार्थ किन हराउँदै गएको छ ?

वास्तवमा को हो त दोषी ? भनेर छिद्रान्वेषण र आरोप प्रत्यारोप मात्रै गर्नुभन्दा नेपाल आमालाई आफ्नै हृदयमा खोज्नुपरेको छ । नेपाल केवल देश होइन, भूबनोट होइन, भूखण्ड होइन; यो त हाम्रो आराध्य हो, अस्तित्व हो र आदर्श हो भनेर निशर्त समर्पित हुनुपरेको छ । "मेरा साना दुखले आर्ज्याको मुलुक होइन, सबैलाई चेतना भया" लाई मूल मन्त्र बनाउनु परेको छ ।

नेपालजननीं वन्दे

नेपालको नाम कतै कसैले थोपरी दिएको नाम होइन । ने नामका ऋृषिबाट बनेको पवित्र नाम हो । “कलौ नेपालिका पुरी” भनी वेदमै पनि चर्चा गरिएको छ । यहाँको भूखण्ड पनि यता–उता तानेर जोडेर बनाएको होइन । ऋषीहरूका गुफाहरू, सिद्ध बुद्धका साधनाकेन्द्रहरू हजारौं लाखौंको संख्यामा अद्यापि यहाँ पाइन्छन् ।

यहाँको सम्पूर्ण ऐतिहासिक संरचना पनि कतै कुनै विदेशीले आएर कोरिदिएको होइन । यहाँको इतिहास मात्र हाम्रा पूर्वज हुन्, ऋषि हुन्; भविष्य पनि मात्र यिनै पूर्वजहरूले लेखिदिएका विषयवस्तु मात्र हुन् । त्यसैले त संसारमा कतै नभएको वैदिक झण्डा हामीसँग मात्रै छ । शनिबारको वैदिक विदा हामीसँग मात्रै छ । वैदिक पञ्चाङ्गको कालगणना हामीसँग मात्र छ । वैदिक चाडपर्व आदि हामीसँग मात्रै

छन् । वैदिक राज्य व्यवस्था पनि संसारमै हामीसँग मात्र थियो । त्यसैले त महर्षि महेश योगी पनि ५० वर्ष पहिले नेपाल आएको बेलामा भावविभोर भएका थिए, आश्चर्यचकित भएका थिए संसारमा वैदिक राज्य व्यवस्था भएको एक मात्र देश रहेछ नेपाल भनेर । अचानक उनले आफ्नो उद्गार व्यक्त गरेका थिए, 'नेपाल नै विश्वगुरू हो । Nepal to lead the world.

यसले के सिद्ध गर्छ भने नेपालका सम्पूर्ण धार्मिक, सामाजिक, प्रशासनिक जेजति संरचनाहरू पुर्खाहरूले बनाएका थिए ती सबै वैदिक चिन्तनमा मात्र आधारित थिए । नेपालको इतिहास युरोपको जस्तो हजार २ हजार वर्षको मात्र होइन । संसारको प्राचीनतम अखण्ड, सार्वभौमसत्ता सम्पन्न स्वतन्त्र देश भनेकै नेपाल मात्र हो । पूर्वीय दर्शनमा आधारित जम्बूद्वीप, आर्यावर्त, भारतवर्ष आदि सबै विषयको मूल केन्द्र पनि नेपाल नै हो, हाम्रो हिमाल नै हो, हाम्रो सगरमाथा नै हो ।

त्यसैले त संसारमा कतै नभएको शालग्रामस्वरूपिणी कालिगण्डकी माता निरन्तर प्रवाहित छिन् । रूद्राक्ष र तुलसी नेपाल कै हो । राष्ट्रदेव भगवान् श्री पशुपतिनाथ अहिले पनि हामी सबैको रक्षा गर्दै यहाँ विराजमान हुनुहुन्छ । यस पवित्र भूमिमा गुरू गोरखनाथ कहिले लमजुङ, कहिले मृगस्थली, कहिले गोर्खा र कहिले दाङ लगायत कैयौं ठाउँमा बारम्बार प्रकट भएका छन् । नेपालको प्रत्येक जिल्लामा सिद्धबाबा, सिद्ध गुठी, सिद्ध गुफा, सिद्ध शिखर जस्ता प्रमाणहरू अद्यापि हेर्न सुन्न पाइन्छन् । अन्तिम प्रमुख चार बुद्धहरू मध्येमा पनि कश्यप, क्रकुच्छन्द आदि नेपालमै प्रकट भएका हुन् । सारा ॠषिहरूको साधनाको पवित्रभूमि नेपाल नै हो । विश्वामित्र लगायत पाणिनी, जनक जानकी याज्ञवल्क्य र वाल्मीकि आदि सबैको यही नै तपोभूमि हो, मूल साधनास्थली हो ।

नेपाल वेदभूमि, बुद्धभूमि, सिद्ध भूमि, आर्ष भूमि, तपोभूमि, पुण्यभूमि हो । हाम्रो धर्म नै राष्ट्र धर्म हो, हाम्रो सनातन हिन्दु धर्म हो । हाम्रो राष्ट्रियता ॐकार हो, समग्र सनातन जीवन दर्शन परम्परा हो । हाम्रो राष्ट्रियता, हाम्रो सनातन दर्शन, संस्कृति, भाषा, परम्परा, जीवनदर्शन आदि अन्योन्याश्रित छन् । त्यसैले नेपालको जुनसुकै कुनामा गए पनि नेपाली भाषा बोलिन्छ ।

नेपालदेखि बाहिर बसेका म्यान्मार, थाइल्याण्ड, भुटान, सिक्किम लगायत विश्वभरका नेपाली अद्यापि नेपाली भाषा बोल्छन्, बुझ्छन्, पढ्छन् र लेख्छन् । विश्वको जुनसुकै कुनामा गएका नेपालीले पनि अद्यापि भगवान् पशुपतिनाथको जयकार गरेकै छन्, भगवान् गौतम बुद्धको जयकार र गुरू गोरखनाथको जयकार गरेकै छन् । गोर्खाली वीरहरू अद्यापि गुरु गोरखनाथको आशीर्वाद सहित सारा दुनियाँ सामु छाति तानेर उभिएका छन् , सगौरव गान गरिरहेका छन् :

"नेपालजननीं वन्दे हिन्दुराष्ट्रशिरोमणिम् ।
सिद्धबुद्धऋषिभूमिं प्रणमामि पुनः पुनः ॥"

महाजनो येन गतः स पन्था

धर्मको स्वरूप बुझ्न गाह्रो छ । बहुआयामिक पुरातन संस्कृतिलाई सजिलैसँग परिभाषित गर्न त झनै गाह्रो छ । अनेक जाति, भाषा, समुदाय र सम्प्रदायमा कुनै विशाल वृक्ष झैं झ्यांगिएको नेपाली समाजलाई एउटै शब्दद्वारा व्याख्या गर्न त्यति सजिलो छैन । यसकारण सजिलो भनेको "महाजनो येन गतः स पन्था" नै हो । परापूर्वकालीन ऋषिहरूलाई प्रणाम गर्दै उहाँहरूले वेद उपनिषद्, रामायण, महाभारत कपिल दर्शन, अष्टावक्र गीता रामायण आदिका माध्यमबाट दिएका ज्ञानलाई बारबार स्मरण गर्दै अघि बढौं ।

यसरी अघि बढ्ने क्रममा कालान्तरमा देखिएका नेपालका तपस्वीहरू, उहाँका तपस्याका, आशीर्वादका र सन्देशका सूत्रहरूले आफ्नो व्यक्तिगत जीवन सूत्र र राष्ट्रिय जीवन सुत्रको निर्माण गरौँ । हामीसँग जे छ त्यसैमा गौरव गरौँ । हाम्रो जो हो हामीले त्यसैको जयजयकार गर्ने हो । हाम्रो जो जति छन् तिनलाई हामीले शिरमा सगौरव राख्ने हो । हामीले हाम्रा सिद्ध रत्ननाथ, गलेश्वर बाबा, बालागुरू षडानन्द, स्वर्गद्वारी महाप्रभु र महाप्रभु फाल्गुनन्दलाई किन नसम्झिने ? कालान्तरमा देखिएका खप्तड बाबा, शिवपुरी बाबा, राष्ट्रगुरू योगी नरहरिनाथ, काले राई डा.स्वामी प्रपन्नाचार्य, स्वामी परमानन्द, स्वामी रामानन्द गिरी, स्वामी चन्द्रेशहरू प्रति किन गौरव नगर्ने ? के उहाँहरूको तपस्या हाम्रो जीवनलाई आलोकित पार्नका लागि पर्याप्त छैन र ? के उहाँहरूले दिएका जीवन सन्देशहरू कालातीत सन्देश होइनन् र ? हाम्रो राष्ट्रका लागि मार्गदर्शक बन्न सक्दैनन् र ? के हामीलाई अहिले पनि सनातन इतर पक्षकै घोषणापत्र चाहिन्छन् र ? कोटेशन चाहिन्छन् र ? हाम्रै माटोमा जन्मिएका यी विचारकहरू, तपस्वीहरू, साधकहरू,

सन्देश दाताहरू, दिव्य पुरूषहरू के हाम्रा राज्यका आराध्य होइनन् र ?

किन चाहिन्छ हामीलाई जहिले पनि सनातन धर्म विरोधीहरू ? किन कुद्छौं सनातन इतरका पछि ? जो जो जहाँ छन् ती ठिक छन् । यसमा हाम्रो कतै कसैको बारेमा टिका-टिप्पणी छैन, विरोध गर्ने आशय पनि छैन तर के नेपालका लागि हाम्रा स्वामीहरू, विद्वान्हरू, विचारकहरू पर्याप्त छैनन् र ? वास्तवमा भन्ने हो भने हाम्रो समस्या भनेको त हाम्रो थालीमा सुन छ, यतिमात्र होइन हाम्रो थालि नै सुनले बनेको छ, जुन ठाउँमा हामी बसेर मागिरहेका छौं त्यसको गर्भमा पनि सुनको अद्भूत भण्डार छ तर हामीलाई आफ्नोपनमा गर्व किन छैन ? त्यसैले आफ्नो स्वदेशी इतिहास र भूगोलको टोल टोलमा चर्चा गरौँ । आफ्नो मुटु र माटोलाई नै भुलेर कहिलेसम्म आसा गर्ने त ? हाम्रा लक्ष्मीप्रसाद, लेखनाथ पौडेल, भानुभक्त, भक्ति थापा र अमरसिंहहरूलाई भूलेर पनि के बाँच्नु ? छिमेकीले सहयोग गरे पनि घर चलाउनु आफ्नै जिम्मेवारी हो भन्ने कहिले बुझ्ने ?

धर्मसंस्थापनार्थाय संभवामः युगे युगे

अब के गर्ने त ? कसरी अघि बढ्ने त ? भन्ने बारेमा गंभीर चिन्तन गर्दै सहजभावेन, सद्भावेन सहकार्य गर्दै अघि बढौं । समग्र ॐकार परिवार वैदिक, बौद्ध, जैन, सिख, किराँत, बोन आदि सकल परिवार ॐकारभावेन ॐकारको रक्षामा जुटौं ।

विश्व ॐकार एकता महाभियानको प्रस्ताव

- कोही वंशको नाममा, कोही जातको नाममा कोही पन्थको नाममा संगठित बनेको हाम्रो समाजमा हामी धर्मको नाममा संगठित हुने संकल्प गरौँ ।
- आज नेपाली समाजमा राजनीतिक शक्तिकेन्द्रको आडमा संघ, महासंघ, संगठन, संस्था र समूह संचालित भएकोले हामी धर्म र शास्त्रको आधारमा संगठित बनौँ ।
- साधुसन्त धर्मको आधारस्तम्भ हुन सन्त समाजलाई आदर्श मानेर संगठित बनौँ ।
- विश्वका हिन्दु आफ्नै हुन तर नेपालको अलग पहिचानलाई सम्मान गरेर पन्थ र सम्प्रदाय मतभेद छोडेर सबै ॐकार परिवारका संघ संस्थाको साझा आस्थाको केन्द्र "विश्व सनातन हिन्दु महासभा" गठन गरौँ ।
- व्यक्ति भन्दा पनि शास्त्रीय मत अनुसारको त्याग, तपस्या र चरित्रवान विद्वान्को सम्मान गर्दै संगठित बनौँ ।
- क्षमता अनुसार समय, सदस्य र सम्पत्तिको संयोजन गरौँ ।
- ॐकार एकता, समन्वय र संगठनलाई विश्व ॐकार एकता महाभियानमार्फत विश्वस्तरमै जोड दिउँ ।
- नेपालमा भएका मठमन्दिरहरूको साझा सनातन सम्पदा संरक्षण गर्ने गरी कार्ययोजना बनाउँ ।
- २०६२/२०६३ सालदेखि हिन्दु राष्ट्रको लागि भएका योगदानहरू सङ्कलन गरेर सबैको योगदानलाई खुलाउने पुस्तक प्रकाशित गरेर नयाँ पुस्तालाई हौसला प्रदान गरौँ ।
- मठमन्दिर लगायतमा जाने रकमको पारदर्शीरूपमा सदुपयोग र संरक्षण गरौँ ।
- मठमन्दिर र आश्रम लगायतलाई समस्या पर्दा सहयोग गर्ने संरचना निर्माण गरौँ ।
- ॐकार परिवारको साझा संस्कृतिलाई आत्मसाथ गर्ने शास्त्रसम्मत विधिविधान र आचारसंहिता निर्माण गरौँ ।
- विश्वस्तरमै ॐकार परिवारसँग कार्यगत सहकार्य गर्ने गरौँ ।
- मठ मन्दिर र गुठी लगायतका सम्पत्तिको खोजी गरेर संरक्षण गरौँ । अरूले कब्जा गरेको भए फिर्ता लिन पहल गरौँ ।
- धार्मिक क्षेत्रका व्यक्ति विरूद्ध हुने चलखेल र षड्यन्त्र विरूद्ध सचेत भएर सहयोग आदान प्रदान गरौँ ।
- कुनै पनि आफ्नो परम्परा अनुसार अनुष्ठान गर्दा साईत हेरेर शास्त्र अनुसार मात्र गरौँ । आफ्नो परम्पराको पालना गर्दा अरूको आस्थामाथी चोट पुग्ने कुनै पनि कार्य नगरौं, नगराउँ ।
- सन्त समाज सहितको उपस्थितिमा सबै परम्पराका धर्माचार्य सहभागी भएको धर्मसभा गठन गरेर वर्ष भरीका धार्मिक विवादहरूको बारेमा धार्मिक निर्णय दिने गरौँ ।
- राजनीतिले धर्मको पालना नगरेको परिप्रेक्ष्यमा ॐकार परिवारको साझा पहिचान र जीवनशैलीको रक्षाको लागि धार्मिक शक्तिकेन्द्र निर्माण गर ।

- गौ संरक्षण, धर्म परिवर्तन, धार्मिक यात्रा माथीका आक्रमण लगायत हरेक विषयमा साझा निर्णय गर्दै सामुहिकरूपमा आन्दोलन चलाउने संस्कार सुरू गरौं ।
- धार्मिक संघसंस्थाका सदस्यहरू, धर्माचार्यहरू, पण्डित, पूरोहित, ज्योतिष लगायत सबैले धार्मिक, परम्परागत एवं मर्यादित पोसाक अनिवार्य लगाउनु गरौं ।

सरकारसँग धार्मिक क्षेत्रका मागहरू यस प्रकार छन्-

१. मठ मन्दिरमा गैरधार्मिक नियुक्ति बन्द गर्दै नेपालमा भएका मठ-मन्दिर, गुठी, गुम्बा लगायतका धार्मिक धरोहरहरू सम्बन्धित धार्मिक समुदायको व्यवस्थापन र नेतृत्वमा सञ्चालन गर्नु पर्ने माग गर्दछौं ।

२. नागरिकको लागि दिइने सेवामुलक शिक्षा, स्वास्थ्य र सुरक्षाको क्षेत्र गैरनाफामूलक क्षेत्र बनाउन माग गर्दछौं । ॐकार परिवारको धार्मिक आस्थाको केन्द्रहरू आश्रम, मठ-मन्दिर लगायत सबै क्षेत्रमा सबै किसिमका करमुक्त क्षेत्र घोषणा गर्न माग गर्दछौं ।

३. ॐकार परिवारका धार्मिक मठ, मन्दिर, आश्रम र गुठीहरू सरकारी निकायमा दर्ता गर्दा विदेशी NGO, INGO र नाफामुलक कम्पनी संघ संस्था दर्ता गर्ने स्थान मै भएकोले यो नीति परिवर्तन गरेर अलग अलग दर्ता गर्ने व्यवस्था गर्न माग गर्दछौं ।

४. देश विदेशबाट सञ्चालित नानापन्थका प्रतिनिधिले रैथाने स्थानीय संस्कार, संस्कृति र सनातन परम्पराहरूको संगठित विरोध गर्दै संस्कार, संस्कृति र परम्परा परिवर्तन गराउने र सामाजिक सद्भाव भड्काउने कार्य निरन्तर गरिरहेका र उक्त कार्य दण्डित गर्न योग्य भएकोले कडा कानूनी समाधान सहितको कारवाही लागु गर्न सचेत गराउँदछौं ।

५. देशको कानूनमा नै गौमाताको रक्षा गर्ने र गौ हत्या गर्ने गराउने उपर कडा भन्दा कडा कारवाही गर्ने व्यवस्था भए पनि विभिन्न मतावलम्बीहरू निरन्तर रूपमा हिन्दुहरूलाई भड्काउने गलत मनसाय राखेर देशै भरी गौहत्या गर्ने र अराजनीतिक शक्तिको संरक्षणमा कानूनी कारवाहीबाट बच्ने भएकोले पुरै घटना छानविन गरेर कारबाही गरिनु पर्ने माग गर्दछौं । साथै स्थानीय कृषी प्रणाली र गौवंश संरक्षणको लागि सामुदायिक बनमा गौचरण क्षेत्र अनिवार्य छुट्याउनु पर्ने व्यवस्था गर्नु पर्ने छ ।

६. वैदिक सनातन धर्म, सबैथरी स्वदेशी संस्कृति, संस्कार, कला, भाषा र भेषभूषाको संरक्षण गर्ने गरी समुदायको अवस्था अनुसार पाठ्यक्रम बनाएर शैक्षिक क्षेत्रमा अनिवार्य लागु गर्नेगरी विद्यालयहरूमा संस्कृत, नैतिक, भूगोल र इतिहास एवम् सबै नेपालीको स्वदेशी धार्मिक सांस्कृतिक महत्त्व बुझाउने शिक्षा अनिवार्यरूपमा पठन पाठन गराउनुपर्ने माग गर्दछौं ।

७. सरकारी कागजपत्र बनाउँदा स्वदेशी परम्परा र भेषभूषाको प्रयोग गर्ने । पासपोर्ट बनाउदा टिका र टोपी लगाउन नदिने र राष्ट्रिय परिचय पत्रमा टिका पुछ्न लगाउने कार्य बन्द गर्ने । नागरिकतामै अन्य आवश्यक राष्ट्रिय सुविधा प्रदान गर्ने । नागरिकतामा सबै थरी नेपालीको वंश पहिचानको परिचय खुल्ने हाडनाता खुलाउने गोत्र लेख्ने सुविधा दिने ।

८. सरकारी कामकाजको भाषमा स्वदेशी भाषा प्रयोग गर्ने । अङ्ग्रेजी मात्र राखेकोमा तत्तकाल सच्याउने जस्तो सवारी साधन अनुमति पत्र, बैंकले दिने पैसा राखेको अभिलेख सबै विदेशी भाषामा कार्य गर्ने गरेकोले राष्ट्रबैंक बाटै सुधार गर्ने गराउने लगायत अन्य कार्यमा पनि ध्यान दिने ।

९. नेपाललाई साँस्कृतिक, धार्मिक र प्राकृतिक एवं आन्तरिक तथा बाह्य पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न माग गर्दै मन्दिरको वरिपरी १ किलोमिटरसम्म मांस, मदिरा एवम् लागुपदार्थ जन्य वस्तु बिक्रीवितरण गर्ने कार्य प्रतिबन्ध गर्न गराउन माग गर्दछौं । एकादशी र औँशी जस्ता मुख्य तिथिपर्वमा देश भित्र सबै किसिमका हिंसा बन्द गर्ने र मांस-मदिरा पसल बन्द हुनु पर्ने माग गर्दछौं ।

१०. नेपाल सरकारको तलब खाने कर्मचारी र सरकारी संरक्षणमा संचालित मठ-मन्दिरमा कार्यरत कर्मचारी वा धार्मिक गुठी प्रतिनीधिको सम्बन्धित परम्पराअनुसारको स्वदेशी भेषभूषा हुनुपर्ने माग गर्दछौं ।

११. सम्बन्धित समुदायले सञ्चालन गरेको मठमन्दिरको, आश्रम, गुठी र गुम्बाको आम्दानी विद्यालय, गौशालय, यज्ञालय, औषधालय, भोजनालय, पुस्तकालय जस्ता

सनातन मूल्यमान्यता राख्ने विषयमा मात्र खर्च गर्ने ।

१२. मठ मन्दिरलाई व्यापारिक केन्द्र बनाउन जबरजस्ति परम्परा विपरीत तिर्थ स्थलका नदी प्रवाह बदल्ने, बिजुली निकाल्न तिर्थ स्थल डुबानमा पार्ने, सडक बनाउने नाममा बाटोमा परेका मन्दिर भत्काउने, स्थानीयवासीको कुरा नसुन्ने धार्मिक क्षेत्रसँग समन्वय नगरी राज्यले एकतर्फि निर्णय गर्ने गराउने कार्य बन्द गर्न माग गर्दछौं ।

विशेष प्रस्ताव

१३. सनातन हिन्दु धर्म कुनै एउटा देवता, ग्रन्थ र गुरूमा मात्र सीमित नरहेको र समग्र ॐकार परिवार (पञ्चायन पुजक, शैव, शाक्त, वैष्णव, नाथ, सिख, जैन, किराँत, बौद्ध, वोन) लगायत सबैको प्रतिनिधित्व गर्ने भएकोले नेपाललाई सर्व स्वधर्म समभाव सहितको धर्म सापेक्ष सनातन हिन्दु राष्ट्र कायम गर्न जोडदार माग गर्दछौं ।

नोटः धार्मिक क्षेत्रसँग सहकार्य गर्ने हो भने नेपालमा सञ्चालित दलहरूले हाम्रो मागहरू अनिवार्य रूपमा आफ्नो घोषणा पत्रमा राख्नु पर्ने छ । आफ्नो नेतृत्व भएको समयमा हाम्रो मागहरू अनिवार्य लागु गर्नु पर्ने छ ।❖

(विश्व ॐकार एकता महाभियानद्वारा गत २०८१ पौष ५ र ६ गते, चाबहिल, काठमाडौंमा आयोजित राष्ट्रिय धार्मिक संघ संस्था सम्मेलनमा प्रस्तुत कार्यपत्रको महत्त्वपूर्ण अंश)

गौरी इपेपरमा पढ्न चाहनुहुन्छ भने पनि उपलब्ध छ-

गौरी मासिकको निरन्तरताको लागि यथासक्य सहयोग गर्न इच्छुक महानुभावहरू साथै वार्षिक या आजीवन सदस्य बनी नियमित रूपमा पढ्न चाहनुहुने पाठकवृन्दहरूले QR Code को माध्यमबाट समेत सहयोग उपलब्ध गराउन सक्नुहुने छ ।

eSewa
GAURI PUBLICATION
9851053601

अनलाइनबाट गौरी पढ्नका लागि

www.ushaeducationhouse.com

मननीय कुरा

❖ मैले पर्खेको समयलाई होइन, म स्वयंलाई हो । त्यो म नै हुँ, आँखा चिम्लेर अभ्यास गर्दै गएपछि म हुनुको बोध भइहाल्छ ।

❖ जीवन आफैं एक अनुपम पुरस्कार हो, यसलाई सजाउन छाडेर संसारको कुन पुरस्कारका लागि दौडनु ?

❖ जीवनमा बाहिरका कुराले तपाईंलाई ठगेर जान सक्छ तर तपाईंभित्रको सम्भावना र क्षमताले कहिल्यै ठग्दैन । म जुन विराट रूपको दर्शन पर्खिरहेको थिएँ, त्यो मै हुँ भन्ने खोजमा लाग्नुपर्छ । मेरो खोजी मबाहेक अरू कसैले गरिदिंदैन ।

❖ म कसरी त्यही बन्न सक्छु, जुन बन्नुबाहेक मेरो जीवनको लक्ष्य छैन, म त्यही बन्नमा लागिरहनुपर्छ ।

❖ ध्यानको काम शान्त राख्नुमात्र होइन, यसले ऊर्जा र शान्ति दुवै एकैसाथ दिन्छ । हामी सक्रिय रहन ऊर्जा ध्यान चाहिन्छ ।

❖ हामी हरेकले आफैंलाई खोज्न सजिलो छ र छैन पनि । सजिलो यस अर्थमा छ कि आफूलाई खोज्न आफैंभित्र जाने हो, बाहिर मंगल ग्रह, चन्द्रमा वा कतै जाने होइन । सजिलो यस अर्थमा छैन कि, मलाई म आफूमाथि नै भरोसा छैन । आफैंलाई सोध्नुपर्छ कि के म गोली सकिएको बन्दुक हुँ ? के म ओइलाएको फूल हुँ ? के म बाली थन्क्याएर खाली भएको बाँझो खेत हुँ ? होइन, म जागृत छु, मभित्र असीम सम्भावना र ऊर्जा छ ।

❖ बाहिरको कुरा पाउँदा आनन्द लाग्छ तर यो गएपछि फेरि दुःख लाग्छ, आफूभित्रबाट आएको आनन्द चिरस्थायी हुन्छ ।

❖ आफ्नो जिम्मेवारी बोध गर्नु र त्यसलाई पूरा गरिछाड्नु जीवनको सुन्दर अवसर हो ।

❖ सद्गुरू त्यो हो जसले तपाईंभित्रको सम्भावना र क्षमतासँग तपाईंलाई जोडिदिन्छ ।

❖ सफलतालाई अहंकारको विषय बनाउनु हुँदैन, यो रमाइलोको विषय बन्नुपर्छ ।❖

(एल.पी. भानुको प्रवचनबाट संकलित)

पशुपति देवपत्तनमा सञ्चालन हुने पाँहाँ चह्रे पर्व, २०८१ सालको माता श्रीवत्सलेश्वरी देवी एवम् माता वज्रेश्वरी देवीको पर्व पूजा तथा जात्रा कार्यक्रम विवरण

मिति	तिथि	जात्रा पर्व पूजा	समय
१२/०९ शनिबार चैत्रकृष्ण अष्टमी	चैत्रकृष्ण अष्टमी	**दु:दु: च्याँ च्याँ** (श्रीपशुपतिनाथबाट निमन्त्रणा पूजा) श्रीपशुपतिनाथको मन्दिर प्राङ्गणबाट भुवनेश्वरी, जयवागेश्वरी, ताम्रेश्वर, सिफल, भण्डारेश्वर, कालोपुल, ज्ञानेश्वर महादेव, नक्साल भगवती, हात्तिसार, तीनधारा पाठशाला, जमल कमलाक्षी/जमलपाटी, कमलाक्षीबाट इन्द्रचोक, हनुमानढोका, वसन्तपुर, चिकमुगल, जैसीदेवल, टेकु पचली हुँदै लगन डबली । लगन डबलीबाट हनुमानढोका, नरदेवी, रक्तकाली, श्वेतभैरव हुँदै सोही मार्गबाट पशुपति देवपत्तन आउने ।	साँझ ५ बजे
१२/१३ बुधबार	चैत्रकृष्ण द्वादशी	**देशोद्धार पूजा** (वज्रेश्वरी मन्दिर) अमालकोट कचहरीको डबलीबाट विभिन्न समुदायको पूजा सामग्री, वली, वाजागाजा सहितको लावालस्कर सहित वज्रेश्वरी मन्दिर पिंगलास्थान प्रस्थान ।	अपराह्न ४ बजे
१२/१४ विहिबार	चैत्रकृष्ण त्रयोदशी	**देशोद्धार पूजा** (श्रीवत्सलेश्वरी मन्दिर) ।	दिवा १ बजे
१२/१४ विहिबार	चैत्रकृष्ण त्रयोदशी	श्री वज्रेश्वरी मन्दिरमा कुम्हमचा(कन्या)पूजा ।	रात्रि १० बजे
१२/१५ शुक्रबार	चैत्रकृष्ण चतुर्दशी	**पाँहाँचह्रे**: श्रीवत्सलेश्वरी मन्दिरमा श्रीपशुपतिनाथका मूलपुजारीज्यूबाट श्रीपशुपतिनाथका तर्फबाट वलिदान सहित पूजा ।	दिवा १ बजे
१२/१५ शुक्रबार	चैत्रकृष्ण चतुर्दशी	बज्रेश्वरी मन्दिरमा बलिदान सहितको पूजा ।	रात्रि ८ बजे
१२/१५ शुक्रबार	चैत्रकृष्ण चतुर्दशी	श्री वत्सलेश्वरीको मन्दिरमा कुम्हमचा (कन्या)पूजा ।	मध्यरात
१२/१५ शुक्रबार	चैत्रकृष्ण चतुर्दशी	पाँहाँचह्रेः दुनियाँ पूजा सकेपछि बज्रेश्वरीको हरिजन टोलमा रथजात्रा । वज्रेश्वरीको रथजात्रा ईँटापाखामा ल्याउने ।	रातभर
१२/१५ शुक्रबार	चैत्रकृष्ण चतुर्दशी	श्रीबज्रेश्वरीमा श्रीपशुपतिनाथ अमालकोट कचहरीबाट बलि सहितको पूजा ।	अपराह्न ४ बजे
१२/१५ शुक्रबार	चैत्रकृष्ण चतुर्दशी	श्रीजयवागेश्वरी मन्दिरमा श्रीपशुपतिनाथ अमालकोट कचहरीबाट बलि सहितको पूजा ।	साँझ ५ बजे
१२/१५ शुक्रबार	चैत्रकृष्ण चतुर्दशी	अमालकोट कचहरीस्थित श्रीतलेजु भवानीमा अमालकोट कचहरीको तर्फबाट बलि सहितको पूजा ।	साँझ ७ बजे
१२/१५ शुक्रबार	चैत्रकृष्ण चतुर्दशी	श्रीवत्सलेश्वरी देवीको अन्नप्रासन र अमालकोट कचहरीबाट बलि सहितको पूजा ।	रात्रि ९ बजे
१२/१५ शुक्रबार	चैत्रकृष्ण चतुर्दशी	श्रीवत्सलेश्वरी देवीमा कन्याकुमारी पूजाका लागि आकाश भैरव, महादेव, वत्सलेश्वरी माताको प्रतिमूर्ति खटमा राखी श्रीवत्सलेश्वरी मन्दिरमा लैजाने ।	रात्रि ९:३० बजे

१२/१६ शनिबार	चैत्रकृष्ण औंसी	हरिजनटोलबाट बज्रेश्वरीको रथयात्रा इट्टापाखामा ल्याइने । माता श्रीबज्रेश्वरीको रथ जात्रा विहान ७ बजे शुरूभई साँझ समापन पश्चात माता श्रीवत्सलेश्वरी देवीको जात्रा तथा आकाशभैरवको जात्रा आरम्भ हुने।	बिहान ७ देखि रात्रि ८ बजेसम्म
१२/१७ आइतबार	चैत्रशुक्ल प्रतिपदा	श्रीपशुपतिनाथ भण्डार तहवीलबाट विचार पूजा चलाउने ।	रात्रि ८ बजे
१२/१७ आइतबार	चैत्रशुक्ल प्रतिपदा	श्रीपशुपतिनाथ अमालकोट कचहरीबाट बाजा गाजा सहित श्रीका मूलपुजारी निवासमा जाने, सो दिन मूलपुजारीज्यूबाट सम्पूर्ण रैरकमी तथा कर्मचारीहरूलाई पगडी बाँध्ने काम हुने ।	रात्रि ९ बजे
१२/१७ आइतबार	चैत्रशुक्ल प्रतिपदा	पगडी अर्थात् फेटा बाँध्ने काम समाप्त भएपछि श्रीका मूलपुजारी सहित अमालकोट कचहरीमा जाने। वत्सलेश्वरी देवीको रथलाई श्रीपशुपतिनाथको मूलढोकामा दुई ठक्कर ढोगाएपछि अमालकोट कचहरीका द्वारेले सिन्दुर चढाउने र रथलाई अमालकोट डबलीमा ल्याई राख्ने। उक्त दिन नक्साल भवतीको रथयात्रा श्रीको मूल ढोकामा ढोगाएपछि सो रथ अमालकोट कचहरीको डबलीमा ल्याई वत्सलेश्वरी रथयात्रामा ढोगाई सकेपछि मूलपुजारीज्यूबाट वत्सलेश्वरीको रथ "खट" चलाउन निर्देशन दिने ।	रात्रि ९:३० देखि १०:१५ बजेसम्म
१२/१८ सोमबार	चैत्रशुक्ल द्वितीया	श्रीवत्सलेश्वरी देवीको जात्रा खट पशुपतिनाथमा तीन ठक्कर ढोगाएपछि श्रीका मूलपुजारीले सिन्दुर चढाई मूल डबलीमा राख्ने ।	साँझ ६ देखि रात्रि १ बजेसम्म
१२/१८ सोमबार	चैत्रशुक्ल द्वितीया	सोही दिन अमालकोट कचहरीका तर्फबाट विचार पूजा चलाउने र रात्रि अमालकोट कचहरीबाट सिन्दुर यात्रा गरी श्रीवत्सलेश्वरी देवीको प्रतिमूर्ति तथा आकाशभैरव देवता, देवता घरमा भित्र्याउने ।	रात्रि २ बजे

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको
संरक्षणमा हातेमालो गरौं !

पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं। हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो। जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्क: ९८०८२९७४८५, ९८४१२०४००६

महाशिवरात्रि पर्व सम्पन्न

वि.सं. २०८१ सालको महाशिवरात्रि पर्व गत फागुन १४ गते सम्पन्न भएको छ । महाशिवरात्रि पर्व देवाधिदेव महादेवको अर्चना, उपासना गरिने महत्त्वपूर्ण पर्वको रूपमा चिनिन्छ । शिवरात्रिका अवसरमा भगवान् श्रीपशुपतिनाथ लगायत विभिन्न शिवालयहरूमा भक्तजनको ठूलो उपस्थिति हुने गर्दछ । शिवरात्रिको अवसरमा पशुपतिनाथको मन्दिरमा देश विदेशबाट नागा बाबा सहित विभिन्न साधुसन्त र महन्तहरूको उपस्थिति हुने गर्दछ । छिमेकी मुलुक भारतको प्रयागमा जारी कुम्भ मेलाको कारण यस पटक भने पशुपतिनाथमा साधुसन्तको उपस्थिति निकै न्यून रह्यो ।

मिथिला मध्यमा परिक्रमा सम्पन्न

१५ दिनदेखि जारी मिथिला मध्यमा परिक्रमा गत चैत २९ गते जनकपुरधाम फर्किएसँगै सम्पन्न भएको छ । नेपाल र छिमेकी मुलुक भारतमा समेत परिक्रमा पथ भएको यस परिक्रमामा हजारौं श्रद्धालु, साधु-सन्त तथा भक्तजन सहभागी भएका थिए । नेपाल-भारत खुला सीमाले यस धार्मिक यात्रामा सहजता प्रदान गरेको देखिएको छ ।

नेपाल-भारत खुला सीमा संवाद समूह र क्लोथ बैंक नेपाल धनुषाले परिक्रमा अवधिभर नेपालमा पर्ने बासहरूमा दीपक यादव संयोजक, रूबी झा सहसंयोजक, कृष्ण कुमार साह र धनेश्वर ठाकुर सदस्य रहने गरी समिति बनाइ हेल्प डेस्क सञ्चालन गर्दै यात्रुहरूको सेवा गरेका थिए । सो शिविरबाट प्राथमिक उपचार, पानी, हराएका यात्रुहरूको खोजी तथा अन्य आवश्यक सहयोग उपलब्ध गराइएको थियो । जिल्ला समन्वय समितिको गेटसँगै सोही दिन पञ्चकोशी परिक्रमामा पनि हेल्प डेस्क सञ्चालनमा रहेको छ ।

क्लोथ बैंकका कार्यकारी सदस्य एवं समाजसेवी संजीव झाका अनुसार उक्त दिन भक्तजनहरूले जनकपुरधाममा 'अन्तरगृह परिक्रमा' अर्थात् 'पञ्चकोशी परिक्रमा' गरेका थिए । यो परिक्रमामा माध्यमिकी परिक्रमामा सहभागी हुन नसकेका भक्तजनहरू समेत सामेल हुने गर्छन् ।

धार्मिक मान्यताअनुसार, मिथिला बिहारी र किशोरीजीको डोलासँगै परिक्रमा गर्दा भक्तजनहरूको विभिन्न रोग, कष्ट तथा समस्याबाट मुक्त भई मनोकामना पूर्ण हुने विश्वास गरिन्छ ।

मिथिला मध्यमा परिक्रमा अन्तर्गत श्रद्धालुहरूले १३३ किलोमिटर लामो यात्रा तय गरेका थिए । यो यात्रामा धनुषाको हनुमाननगर, बिहारको कलना (कल्यानेश्वर), फुलहर (गिरिजास्थान), महोत्तरीको मठिहानी, जलेश्वर, मडैई, कञ्चनवन, पर्वता, धनुषाधाम, सतोखर, औरही हुँदै पुनः भारतको करूणा, विसौलमार्फत जनकपुरधाम फर्कने मार्ग समेटिएको थियो । धनुषा, महोत्तरी, सर्लाही, सिरहा, सप्तरीका साथै भारतको सितामढी, मधुबनी, दरभंगा, झंझारपुर, सुपौल लगायतका स्थानहरूबाट आएका श्रद्धालुहरूले सीमावर्ती क्षेत्रको धार्मिक सहअस्तित्वको लाभ उठाएका थिए ।

नेपाल-भारत खुला सीमा संवाद समूहका अध्यक्ष डा.राजीव झाका अनुसार परिक्रमा मार्गमा रहेका सीमावर्ती क्षेत्रहरूमा सांस्कृतिक सम्बन्ध अझै प्रगाढ भएको छ । भक्तजनहरूको सहजता सुनिश्चित गर्न हेल्प डेस्क स्थापना गरिएको थियो, जुन मिथिला परिक्रमाका अन्तिम दिन समापन हुनेछ । परिक्रमा सम्पन्न गरेका श्रद्धालुहरूले आस्थाको साथ होली पर्व मनाउने तयारी गर्दछन् । यस वर्ष तराईमा चैत १ गते होली पर्व परेको छ ।

डा. कान्ता भट्टराईलाई राष्ट्रझङ्कार सम्मान समर्पण गरिने

शब्दयात्रा प्रकाशनले २०८१ सालको 'शब्दयात्रा काशीनाथ-मायादेवी राष्ट्रझङ्कार सम्मान' विदूषी डा. कान्ता भट्टराई (खोटाङ) मा समर्पण गर्ने भएको छ । शब्दयात्रा प्रकाशनद्वारा गठित सम्मान्य व्यक्तित्व चयन समितिको बैठकले उहाँलाई सम्मान गर्ने निर्णय गरेको हो । उहाँ आध्यात्मिक क्षेत्रकी विदूषी तथा प्रवाचिका हुनुहुन्छ । नेपाली समाजमा नैतिक चेतना, मानवीय कर्तव्यबोध र आध्यात्मिकताको जागरण गराउने खालका विभिन्न लेखहरू लेखी उहाँले प्रकाशन गराउनुभएको छ । यस सम्मानको कोष व्यवस्थापन आध्यात्मिक लेखक कृष्णहरि मैनाली (काभ्रेपलाञ्चोक) ले गर्नुभएको हो । सम्मान यही चैत महिनामा समर्पण गरिनेछ । सम्मान ग्रहण गर्न स्वीकृति प्रदान गर्नुभएकोमा डा. कान्ता भट्टराईप्रति आभार प्रकट गरेको छ ।❖

चाडपर्वप्रति सम्मान गरौं !

- ❖ चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- ❖ मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- ❖ चाडपर्वलाई सभ्य, शिष्ट र मर्यादित रूपमा मनाऔं,
- ❖ धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- ❖ असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौ,
- ❖ एक अर्काको चाडपर्वप्रति सम्मान गरौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
विज्ञापन वोर्ड

ॐ
श्री गणेशाय नम:
"रामाय रामभद्राय रामचन्द्राय वेधसे ।
रघुनाथाय नाथाय सीताया पतये नमः।।"
"अनेक दान एक समान"
कथा व्यास
राष्ट्रिय विभूषित नारीरत्न विदुषी
आचार्य सुश्री अनुराधा देवीजी
सादर निमन्त्रणा
श्रीराम कथा
एवं नेपाल महात्म्य कथा
२०८१ चैत्र १७ प्रतिपदा देखि चैत्र २५ गते दशमी सम्म
पाशुपत क्षेत्र, काठमाडौं, नेपाल
युवा कथाव्यास
आचार्य राघव मौद्गल्य ज्यू
आयोजक
विश्व हिन्दु युवा संघ अन्तर्राष्ट्रिय समिति,
ओमकार महाअभियान, नेपाल झाँक्री संघ, स्वावलम्बी फाउण्डेसन नेपाल, विश्व हिन्दु युवा संघ अन्तराष्ट्रिय महिला समिति
देशव्यापी १०८ श्रीमद् भागवत
सत्संकल्प अभियानकर्ता
मुमुक्षु श्री उद्धव शर्माज्यू
(कथा पुराणमा पाल्नुहुँदा दब्य र दान भन्दा भाव समर्पण गर्न नविसौं)

अरुणसिंह पण्डालवाला
प्रोपाइटर
ॐ
अरूणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोवाइलः ९८५१२५४२२४, ९८४१७४२०९६, ९८४१७८४५०५
सेवाहरु:
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली
भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।
गौरी अब ईन्टरनेको माध्यमबाट
पनि पढ्न सकिन्छ।
www.ushaeduhouse.com
मा गएर निःशुल्क, सशुल्क
डोनेशनमा पढ्न सकिने
जानकारी गराउँदछौं।
देश तथा विदेशमा रहनु
भएका पाठक वर्गले सिधै
सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ।

Your Printing Solution
"गुणस्तरीय छपाई,
सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौं, फोनः ०१-४०२२५४४

गो.हु.का. (म.क्ष.हु.नि.द.नं.) १०/०६७/०६८

।।एक युगमा एक पटक।।

ॐ
॥ श्रीपरमात्मने नमः ॥
॥ न भूतो न भविष्यति ॥

।।इतिहासमै पहिलो पटक।।

(न भूतकालमा यस्तो महायज्ञ भयो न त भविष्यमा हाम्रो जीवन कालमा हुन सक्ला या नसक्ला)

ऐतिहासिक श्रीगण्डकी शत (सय) कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ - २०८२

ऐतिहासिक कोटिहोम महायज्ञका केही विशेष कार्यक्रम विवरणहरू:

(१) श्रीराम कथावाचन :- २०८१ चैत्र १७ गतेदेखि २७ गतेसम्म ।
(२) श्री हनुमत् कथावाचनः- २०८१ चैत्र २८ गतेदेखि २०८२ वैशाख १ गतेसम्म ।
(३) बृहत् मोटरसाइकल प्रभातफेरी (र्‍याली):- मिति २०८२ वैशाख २ गते बिहान ७:०० बजेबाट ।
(४) बृहत् ट्याक्सी प्रभातफेरी (र्‍याली):- मिति २०८२ वैशाख ३ गते बिहान ७:०० बजेबाट ।
(५) बृहत् साइकल प्रभातफेरी (र्‍याली):- मिति २०८२ वैशाख ४ गते बिहान ७:०० बजेबाट ।
(६) विशाल मङ्गलमय कलश यात्राः- मिति २०८२ वैशाख ५ गते बिहान ७:०० बजेबाट ।
(७) बृहत् डुङ्गा प्रभातफेरी (र्‍याली):- मिति २०८२ वैशाख ६ गते बिहान ७:०० बजेबाट ।
(८) जगद्गुरु, साधु, सन्त, महन्त, प्रसिद्ध कथा वाचक, वाचिकाआदिबाट विशेष शास्त्रीय प्रवचन नियमित हुने ।
(९) मिति २०८२ वैशाख १७ गतेदेखि जेठ २६ गतेसम्म सयौं गुरुहरूद्वारा नियमित हवन तथा अनेकौं पुण्यमय कर्महरू गरिने ।
(१०)राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त कलाकारहरूबाट विभिन्न गीत, सङ्गीत, भजन, झाँकी, देवलीला, नृत्यआदि प्रस्तुति हुने ।
(११) देश विदेशबाट कार्यक्रम अवधिभर विभिन्न सामाजिक अभियन्ता तथा राजनेताहरूको आगमन हुने ।
(१२) सम्पूर्ण धार्मिक / आध्यात्मिक परिवेश हुनेछ ।
(१३) बिबाह साइतः- मिति २०८२ वैशाख १, ३,५,७,८,१६,१७,२२,२३ र २८ गते हजारौँको बिबाह गरिने ।
(१४) व्रतबन्ध साइतः- मिति २०८२ वैशाख ५,१९,र २४ गते हजारौँको सामूहिक नभई एकल व्रतबन्ध गरिने ।
(१५) चौराशी पूजा साइतः- मिति २०८२ वैशाख २९ गते सोमबार हजारौँको सामूहिक नभई एकल चौराशी पूजा गरिने ।

ऐतिहासिक कोटिहोम महायज्ञका महत्त्वपूर्ण दिनाङ्कहरू:

१. २०८२ वैशाख ३ गते, बुधबारः-
(क) भूमि पूजनः- सोही दिन बिहान ११:०१ बजे ।
(ख) यज्ञ कुण्ड खन्नेः- सोही दिन बिहान ११:११ बजे ।
२. कोटिहोम महायज्ञको पूर्वाङ्गः- २०८२ वैशाख १७ गते, बुधबार, बिहान ७:२७ बजे ।
३. कोटिहोम महायज्ञमा हवनात्मक कार्य प्रारम्भः- २०८२ वैशाख १९ गते, शुक्रबार ।
(क) अग्नि मन्थनः- सोही दिन बिहान ६:४४ बजे ।
(ख) यज्ञ कुण्डमा अग्नि प्रवेश गराउनेः- सोही दिन बिहान ७:१५ बजे ।
(ग) अग्निमा समिधा दानः- सोही दिन बिहान ७:१९ बजे ।
(घ) अग्नि कुण्डमा आहूति प्रदानः- सोही दिन बिहान ८:०५ बजे ।
४. कोटिहोम महायज्ञको विधिवत पूर्णाहुति गरी अभिषेक र प्रसाद ग्रहण गर्ने - २०८२ जेठ २६ गते, सोमबार।

बालयोगेश्वर
विजयश्री कृष्णमूर्ति जी महाराज
महायज्ञ संकल्पकर्ता

कार्यक्रम हुने स्थानः
सदाशिवजी सिद्धेश्वर हरिहर मन्दिर क्षेत्र
पोखरा-१७, विरौटा, कास्की ।

आयोजकः
श्री मानव सेवा फाउण्डेसन, नेपाल (पोखरा, कास्की)
एवं सनातन धर्मानुयायी हजुरहरु र हामी सबै ।

केन्द्रीय कार्यालयः-
कलङ्की-१४, काठमाण्डौं नेपाल ।
०१-५२१९१२५
९८५१३५७०१५/९८०२३७००८१

शाखा कार्यालयः-
सृजनाचोक, पोखरा-०८, कास्की, नेपाल ।
०६१-५८४७०१
९८५६०८२२९१/९७०५२५२१२५